## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०८२६, उत्प्रेषण, *कृष्णमाया थरूनी वि. राधादेवी निरौलासमेत*

जिल्ला सुनसरी, इटहरी नगरपालिका वडा नं.७(ख) को कि.नं. ४१ को ४-१२-५ जग्गाको जग्गाधनी पुण्यप्रसाद निरौला भएको र मोही यी निवेदिकाका पति अगमलाल चौधरीको नाउँमा १ नं. लगत भरी मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त गरेको मिसिल संलग्न मोहियानी हकको प्रमाणपत्रबाट देखिन आउँछ । निवेदिकाको पति अगमलाल चौधरीले प्राप्त गरेको उक्त मोहियानी हकको प्रमाणपत्र के कसरी प्राप्त गरेको भन्ने सम्बन्धमा विपक्षीहरूबाट खण्डन हुन सकेको अवस्था छैन । यसरी यी निवेदिकाको पति अगमलाल चौधरीले कि.नं. ४१ को ४-१२-५ जग्गाको मोहियानी हकको प्रमाणपत्र प्राप्त गरी मोहीको हैसियत कायम रहन आएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ बमोजिम मोही हक रहेको देखिँदादेखिँदै जग्गाधनी पुण्यप्रसाद निरौलाले दिएको निवेदनको आधारमा दर्तावाला मोहीलाई बुझ्दै नबुझी मोहीयानी लगत कट्टा हुने गरी भूमिसुधार कार्यालय, सुनसरीबाट भएको मिति २०५२।१।१९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । सुनसरी जिल्ला, इटहरी नगरपालिका वडा नं. ७ ख को कि.नं. ४१ को ४-१२-५ जग्गामा निवेदिकाको स्व. पति अगमलाल चौधरीको नामको मोही हक निजको श्रीमती कृष्णमाया थरूनीको नाउँमा नामसारी गर्ने सम्बन्धमा यी निवेदिकाले भूमिसुधार कार्यालयमा दिएको निवेदनमा आवश्यक प्रमाण बुझी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, सुनसरीसमेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल साउन २७ गते रोज १ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०२५९, उत्प्रेषणमिश्रित परमादेश, *रामफेरन चमार वि. राजेन्द्र गौतमसमेत*

निवेदकले सम्बन्धित भूमिसुधार कार्यालयमा विवादित जग्गाको सम्बन्धमा निवेदन दिई तारिखमा रहेको अवस्थामा विपक्षी राजेन्द्र गौतमले सोही कार्यालयमा मोही लगत कट्टाको लागि दिएको निवेदनमा मोही छेदी चमारको घर फेला नपरेको र निजको परिवारसमेत भागी बेपत्ता भएको भन्ने आधारमा भूमिसुधार कार्यालयबाट निर्णय भएको पाइन्छ । यस्तो अवस्थामा मिति २०३८।३।११ मा नै देहान्त भइसकेको व्यक्तिलाई प्रतिवादी बनाई अभिलेखबाट प्रष्ट देखिने ठेगानाभन्दा अलग वतनमा बेपत्ते तामेल गराई प्रतिवादको मौकासमेत नदिई यी निवेदक पक्षलाई मोहीबाट कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, बाँकेबाट भएको मिति २०५९।१।१३ को निर्णय कानूनअनुरूपको भन्न मिल्ने अवस्था नदेखिँदा उत्प्रेषणको आदेशद्वारा सो निर्णय बदर हुन्छ । साथै कि.नं. ५ को ०-१२-१८ जग्गाको मोही निवेदकको बाजे छेदी चमार र बाबु पटेश्वर चमारको समेत मृत्यु भइसकेको अवस्थामा उक्त जग्गाको मोही हकवाला छोरा निवेदक रामफेरन चमारको नाउँमा रीतपूर्वकको म्याद तामेल गरी उक्त मुद्दामा प्रतिवादको मौका नदिई यी निवेदकले दायर गरेको मोही नामसारी मुद्दा साथै राखी दुबै

मुद्दामा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, बाँकेको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल साउन २७ गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-CI-०५५७, उत्प्रेषणमिश्रित परमादेश, *चन्द्रप्रसाद लुइटेल वि. पविलाकुमारी शर्मा*

तलब, भत्ता तथा सुविधा पाउने कुनै पदमा नियुक्ति पाई सेवा गरेपछि नियमानुसार पाउने तलब, भत्ता तथा सुविधा प्राप्त गर्नु त्यस्तो नियुक्ति पाई सेवा गर्ने व्यक्तिको हक हुने र तलब, भत्ता तथा सुविधा उपलब्ध गराउनु सम्बन्धित सेवा प्रदायक निकायको दायित्त्व हुन्छ । त्यस्तो पदमा बहाल रहेको व्यक्तिलाई कानूनबमोजमको तलव, भत्ता तथा सुविधा उपलव्ध गराउनुपर्नेमा बैंकमा रहेको विद्यालयको खाता नै रोक्का गरी तलब भत्ता रोक्का गर्ने कार्य विधिसम्मत् नहुने ।

निवेदिका श्री शुभकामना पूर्व प्राथमिक विद्यालयको नियुक्तिपत्रप्राप्त शिक्षिका देखिएको, निजको नियुक्ति कानूनी प्रक्रियागतरूपमा बदर नभई कायमै भएको अवस्थामा निजले विद्यालयमा रूजु हाजीर रही सेवा गरेको अवधिको तलब भत्तालगायतका कानूनबमोजिमका सुविधा पाउने हुँदा निजको तलब भत्तासमेत रोक्का हुने गरी जिल्ला शिक्षा कार्यालय, सिन्धुलीको पत्रले विद्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, सिन्धुलीमा रहेको च.हि.नं. ०६३८० को खाता रोक्का राखेको काम कारवाही र चिट्ठीपत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदिकाले नियमानुसार पाउने तलब, भत्ता तथा अन्य सुविधाको रकम निवेदिकालाई भुक्तानी दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-१०६६, जवर्जस्ती चोरी, *नेपाल सरकार वि. नवराज पराजुलीसमेत*

जरीवानाबापत कैद गर्दा दण्ड सजायको ३८ (१) नं. बमोजिम चार वर्षभन्दा बढी कैद हुन नसक्ने भनी निवेदक अर्जुन थापा विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत विपक्षी भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (*नेकाप* २०६७, अङ्क १२, नि.नं. ८५१६, पृष्ठ १९७६) मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रतिवादीहरू नवराज पराजुली र सुभाष भन्ने नविन पराजुलीले जाहेरवालासँग जवर्जस्ती चोरी गरी लिए खाएको बिगो रू. ३१,९००।- भराउनेतर्फ पुनरावेदन अदालतको फैसलाले नबोलेको भन्ने सम्बन्धमा चोरीको महलको १०(३) नं. बमोजिम प्रतिवादीहरूले जाहेरवालाहरूसँग जवर्जस्ती चोरी गरी खाएको बिगोसमेत भराउनुपर्नेमा पुनरावेदन अदालतको फैसलामा केही नबोलेको कारण प्रस्तुत मुद्दाको रोहबाटै बिगो भराउँदा पुनरावेदन अदालतको फैसलामा तात्त्विक भिन्नता नपर्ने हुँदा प्रतिवादीहरू नवराज पराजुली र सुभाष भन्ने नविन पराजुलीले जाहेरवालाहरूबाट जवर्जस्ती चोरी गरी लिए खाएको बिगो रू. ३१,९००।- भरी पाउने निर्णय गर्न निजहरूलाई झिकाइरहनु पर्ने अवस्था नरहने ।

प्रतिवादीहरू राजकुमार गुरुङ, नवराज पराजुली, सुभाष पराजुली र वरि भन्ने रामजी

कार्कीसमेत चारजना भएकोमा शुरू ललितपुर जिल्ला अदालतले प्रतिवादीहरूलाई आरोपित कसूर ठहर गरी जनही १ महिना १५ दिन कैद र बिगोको डेढी रू.४७,८५०।- जरीवाना गरी जनही रू.११,९३६।- जरीवाना र सोबापतसमेत कैद हुने गरी फैसला भएकोमा वादी नेपाल सरकारको तर्फबाट बिगोको डेढी बढाई जनही जरीवाना हुनुपर्छ भन्ने जिकीर लिई परेको पुनरावेदनमा प्रतिवादीहरूलाई जनही रू.११,९६३।- जरीवाना र सो जरीवानाबापतसमेत कैद गरेको हदसम्म शुरू अदालतको फैसला केही उल्टी भै प्रतिवादीहरू नवराज पराजुली र सुभाष भन्ने नविन पराजुलीलाई चोरीको १२ नं. र १४(२) नं. बमोजिम बिगो रू.३१,९००।- को डेढी रू.४७,८५०।- जनही जरीवाना र सो जरीवानाबापत कैदसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८।७।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरू नवराज पराजुली र सुभाष भन्ने नविन पराजुलीले जाहेरवालाहरूबाट जवर्जस्ती चोरी गरी लिए खाएको बिगो रू.३१,९००।- भराइपाऊँ भनी कानूनको म्यादभित्र जाहेरवालाहरूले दरखास्त दिएमा उक्त बिगो भराई दिनु भनी शुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाई दिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-०४८९, ०६७-CR-१०९९, *मानवबेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. दिनेश परियार भन्ने सनमान नेपालीसमेत, काले दमाई वि. नेपाल सरकार*

घटनाबाट पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने हुन्छ र पीडितको कथनलाई अमान्य गर्ने वस्तुनिष्ठ कारण देखिँदैन । आफूलाई बिक्री गरेको ठाउँबाट भागी काठमाडौं आई प्रहरीसमक्ष व्यक्त गरेको कुरा निजले अदालतमा सनाखत गरिदिएको र पछि साक्षीसरह अदालतमा उपस्थित भई सोहीबमोजिम बकपत्र गरिदिएकोसमेत अवस्थामा निजको सो कथन प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । यस्तो प्रत्यक्ष प्रमाणको विद्यमानतामा प्रतिवादीको इन्कारी बयानमात्रबाट निजको निर्दोषिता प्रमाणित हुनसक्ने हुँदैन । यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष आफूले निज सुषमा दनुवारलाई कलकत्ता लगेको, कान्छी तामाङ्लाई जिम्मा लगाएको र सोबापत रकम लिएको तथ्य स्वीकार गरेको तथा कान्छी तामाङ्ले पीडितलाई बेश्यावृत्तिमा लगाएकोमा निज सो स्थानबाट उम्किन सफल भएको अवस्था देखिएको हुँदा यी प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुने ।

प्रतिवादीहरू दिनेश नेपाली र कान्छी नेपालीले पीडितलाई प्रतिवादी काले दमाईसँग जानीजानी भेटघाट गर्ने र विदेश जाने कार्यमा सहयोग गरेको वा षड्यन्त्र गरेको वा मिलेमतोमा पसेकोलगायत अन्य कसूरजन्य कार्य गरेको मिसिलबाट देखिन आउँदैन । यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको बयानअनुसार पीडित फर्किएर आई उक्त कुरा भनेपछि मात्र यी प्रतिवादीहरूलाई घटनाबारे जानकारी भएको देखिन आउँछ। यस्तो अवस्थामा यी प्रतिवादीहरूले पीडित र काले दमाईलाई आपराधिक मनसायले भेट गराई दिएको वा बिक्री गर्ने कार्यमा सहयोग गरेको वा मतियारको अन्य

कार्य गरेको भन्ने नदेखिएकोले निजको घरमा पीडित र प्रतिवादी ककासले दमाईको बीच कुराकानी भएको मात्र आधारमा मानव बेचबिखनको आपराधिक कार्य निज प्रतिवादीहरूको संलग्नता वा मिलेमतोमा भएको भन्ने देखिन नआउँदा यी प्रतिवादीहरूलाई आपराधिक मन तथा कार्यको अभावमा कसूरदार ठहऱ्याउनु मनासिब देखिन नआउने ।

विवेचित आधार र कारणबाट प्रतिवादी काले दमाईलाई कसूरदार ठहऱ्याई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम निजलाई बीस वर्ष कैद र रू. दुई लाख जरीवाना हुने तथा दफा १७ बमोजिम प्रतिवादीबाट पीडितलाई रू. एक लाख क्षतिपूर्तिसमेत भराई दिने र अन्य प्रतिवादीहरू दिनेश भन्ने सनमान नेपाली र निजकी पत्नी कान्छी नेपालीलाई तथ्यपूर्ण एवं ठोस प्रमाणको अभावमा सफाइ दिने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।९।२१ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WH-००१०, बन्दीप्रत्यक्षीकरण, *ज्ञानु तितुङ्ग भन्ने रमेश लामा वि.ललितपुर जिल्ला अदालत*

एउटा फैसलाबमोजिमको कैद भुक्तान गरिसकेपछि अर्को वारदातमा भएको फैसलाबमोजिम पछिबाट कैद ठेकिएको अवस्थामा अघि भुक्तान गरिसकेको कैदमा पछिल्लो फैसलाले लागेको कैद स्वतः समायोजन हुन वा सो कैद स्वतः भुक्तान भइसकेको भन्ने उक्त दण्ड सजायको ४१ नं. मा व्यवस्था रहेको छैन। निज निवेदकलाई अघि मकवानपुर जिल्ला अदालतको २०५३।१२।६ को फैसलाबमोजिम भएको कैद जरीवानाबापत कैद ठेकिई निज कैदमा बसी कैद भुक्तान गरी कैद मुक्त भएको सो अवस्थामा निजउपर अर्को मुद्दामा पनि अर्को अदालतबाट कैद सजाय भएको छ भन्ने कुरा अदालत वा कारागार कार्यालयमा जानकारी दिई अर्को मुद्दाको पनि कैद ठेक्न लगाएको अवस्था नरहेको र पछि भएको फैसलाको लगत बाँकी रहेको देखिने अवस्थामा निज निवेदकलाई अर्कै मुद्दामा अर्कै अदालतबाट अर्कै वारदातका सम्बन्धमा भएको फैसला र सजायबापत मिति २०६९।१२।३० मा पक्राउ गरी कैद ठेकिएको कार्यमा उक्त दण्ड सजायको ४१ नं. मा भएको कानूनी प्रावधानको त्रुटि विद्यमान नरहेकोले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई कैद थुनाबाट मुक्त गर्न नमिल्ने हुँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल मंसिर २३ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-०४७१, कर्तव्य ज्यान, *रामहरि घिमिरे वि. नेपाल सरकार*

मृतक शान्ता घिमिरे र यी प्रतिवादी रामहरि घिमिरे पति पत्नी भए पनि निजहरू बीच सम्बन्धमा कटुता र मनोमालिन्यता रहेको, मार्नुपर्ने पूर्व इबी रहेको र निज प्रतिवादीले आफ्नी पत्नी शान्ता घिमिरेलाई मार्ने पूर्वयोजना बनाई सो योजनालाई पूरा गर्न हतियार खरीद गरी पूर्वतयारी गरेको भनी निजले अनुसन्धान अधिकारीसमक्ष गरेको हस्तलिखित बयानमा कसूरमा साबित रहेको र सो साबिती बयानमा उल्लेख भएबमोजिम घटनामा प्रयोग भएको

हतियार दशीस्वरूप निजले देखाएको स्थानबाट बरामद भएकोले सो साबिती कथन उक्त स्वतन्त्र प्रमाणबाट समर्थित भएकोसमेतका आधार, कारण र प्रमाणबाट यी पुनरावेदक प्रतिवादी रामहरि घिमिरे आफ्नी पत्नी मृतक शान्ता घिमिरेको हत्याका कसूरदार हुन् भन्ने कुरा स्थापित हुन आएकोले अभियोग दावीबमोजिम निजलाई कसूरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भक्तपुर जिल्ला अदालतबाट भएको इन्साफ सदर हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२१ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल मंसिर २६ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०००१, ०६७-CI-०००३, अंश चलन, *लालबहादुर महर्जन वि. उमेश महर्जन, बाबुकृष्ण महर्जन वि. उमेश महर्जन*

वादी पक्षको नाममा कुनै सम्पत्ति दर्ता रहेको छ भन्ने मात्रै आधारले अंशबण्डाको ३० नं. आकर्षित हुने र वादीले अंश नपाउने भनी अर्थ गर्न पनि नमिल्ने ।

वादी प्रतिवादीहरूका बीचमा अंशबण्डा भइसकेको भन्ने सम्बन्धमा अंशबण्डाको लिखत पनि नभएको र व्यवहार प्रमाणबाट अंशबण्डा भइसकेको भनेर देखिने कुनै कागज प्रमाण पनि दाखिला हुन नसकेको अवस्था हुँदा प्रत्यर्थी वादीले अंश नपाउने भन्न नमिल्ने ।

प्रतिवादी लालबहादुरले मोहीयानीमा प्राप्त गरेको भनेको जग्गा निजले निजीरूपमा प्राप्त गरेको भन्ने नदेखिई बाबु सूर्यमान महर्जनको नाममा रहेको मोहीयानीको जग्गा मोही नामसारी गराई प्राप्त गरेको अवस्था देखिँदा बाजे सूर्यमानको मोहीयानी जग्गाबाट सगोलको अंशियार वादीले पनि अंश नपाउने भन्न मिलेन । मूल पुरुषबाट मोहीयानीको जग्गा प्राप्त गरेको विषयमा यस अदालतबाट पुनरावेदक/प्रतिवादी सानु महर्जनसमेत प्रत्यर्थी/वादी जानुका महर्जन भएको अंश चलन मुद्दामा फैसला हुँदा "मूल पुरुषले त्यसरी सबै अंशियारहरू एकासगोलमा नै रहे भएको अवस्थामा प्राप्त गरेको त्यस्तो सम्पत्ति निजी आर्जनको भै निजबाट अंश प्राप्त गर्ने अंशियारहरूमा बण्डा गर्नु नपर्ने भनी अर्थ लगाउने हो भने अंश हक र अंशबण्डाको औचित्य नै नरहने अवस्थाको सिर्जना हुन जान्छ" भनी सिद्धान्त प्रतिपादन भई सर्वोच्च अदालत *बुलेटिन वर्ष १७, अंक ९, २०६५*, पूर्णाङ्क ३८७, पृष्ठ २ मा प्रकाशित रहेकोसमेत हुँदा यी पुनरावेदक प्रतिवादी लालबहादुरका पिता तथा प्रत्यर्थी वादी उमेश महर्जनका बाजे सूर्यमानले मोहीयानीमा प्राप्त गरेको जग्गा नै प्रतिवादी लालबहादुरले मोही नामसारीबाट प्राप्त गरेको अवस्था देखिन्छ । वादी प्रतिवादीका बीच अंशबण्डा भएको पारीत लिखत पनि नभएको र घरसारमा अंशबण्डा भइसकेको भन्ने प्रमाण पनि नभएको अवस्था हुँदा वादी प्रतिवादीका बीच अंशबण्डा भै सकेको भन्न नमिली प्रतिवादीले पेश गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादीले अंश पाउने नै हुँदा प्रतिवादीबाट पेश भएको तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्ता कायम रहेका सम्पत्तिलाई २ खण्ड गरी सो २ खण्डको १ खण्ड वादीका बाबु शेरबहादुरको भाग हुने र शेरबहादुर महर्जनको १ भागलाई ५ खण्ड गरी ५ खण्डको १ खण्ड अंश हक यी प्रत्यर्थी वादीले छुट्याई लिन पाउने ठहऱ्याई शुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई

सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार १९ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-CI-०००५, ०००४, ०००६, ०००२, राजीनामा लिखत बदर, *ज्ञानु महर्जन वि. उमेश महर्जन, सुकमाया महर्जन वि. उमेश महर्जन, मिनु श्रेष्ठ वि. उमेश महर्जन, लालबहादुर महर्जन वि. उमेश महर्जन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०००१, अदालतको अपहेलना, *लालबहादुर महर्जन वि. उमेश महर्जन*

प्रतिवादी लालबहादुर महर्जनको नाममा दर्ता रहेको जग्गा काठमाडौं जिल्ला अदालतको मिति २०५९।१०।६ को आदेशानुसार रोक्का राख्न पठाएकोमा विवादको जग्गा रोक्का रहेको भन्ने जानकारी मालपोत कार्यालय, कलङ्कीले च.नं. ९३५० मिति २०५९।१०।९ को पत्रबाट दिएको अवस्था मिसिलबाट देखिएको छ। यस्तो अवस्थामा जग्गा रोक्का रहेको कुराको जानकारी आफूलाई नभएको प्रतिवादीको जिकीर पत्यारलायक देखिन आएन । जग्गा रोक्का रहेको जानकारी आफूलाई नभएको भन्ने प्रतिवादीको जिकीर तथ्यमा आधारितसमेत देखिँदैन । यसरी अदालतको आदेशले रोक्का रहेको जग्गा कानूनबमोजिम फुकुवा नभई यी पुनरावेदक प्रतिवादी लालबहादुर महर्जनले बिक्री गरेको अवस्था देखियो । निजको सो कार्यबाट अदालतको आदेशको अपहेलना भएको तथ्य स्थापित भइरहेको देखिन आउने ।

पुनरावेदक प्रतिवादी लालबहादुर महर्जनले शुरू काठमाडौं जिल्ला अदालतको मिति २०५९।१०।६ को आदेशानुसार अ.बं. १७१(क) नं. अनुसार रोक्का रहेको जग्गा राजीनामा पारीत गरी हक हस्तान्तरण गरी अदालतको आदेशको अवज्ञा गरी हपहेलना गरेको भनी शुरू काठमाडौं जिल्ला अदालतले निज प्रतिवादी लालबहादुर महर्जनलाई रू. ५०।- (पचास रूपैयाँ) जरीवाना हुने ठहऱ्याएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।२९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-CI-१५५२, अंश, *प्रथम मानन्धरको संरक्षक भै आफ्नो हकमासमेत सविता मानन्धर वि. श्रीमती नीना मानन्धरसमेत*

यी वादीले सन् १९९३ देखि २००० सम्म I.J. Pioneer School मा अध्यापन गराएको र त्यसपछि रातो बंगला स्कूलमा सन् २००० देखि हालसम्म अध्यापन गराइरहेको भनी जिकीर लिएको देखिन्छ। निजले इजलाससमक्ष पेश भएको निजको उक्त विद्यालयमा अध्यापन कार्यमा संलग्न भएको प्रमाणित कागजातबाट देखिएको अवस्था छ । यसरी वादीले आफ्नो स्रोत खुलाई पुनरावेदन जिकीरमा उल्लेख गरेको गाडीका सम्बन्धमा आफ्नो निजी आर्जनबाट उक्त गाडी खरीद गरेको प्रमाणित गरेको अवस्थामा अन्यथा प्रमाणित नभएको अवस्थामा प्रतिवादीको स्रोत संलग्न भएको भनी अनुमान गर्न नमिल्ने ।

वादीले आफ्नो निजी आर्जनको स्रोतबाट दावीको बा.५.च. ८७३७ को मारुती गाडी खरीद

गरेको र सोको प्रमाणसमेत पेश भएको अवस्थामा उक्त गाडीसमेत सगोलको ठहराई बण्डा लगाई दिने गरी भएको शुरू काठमाडौं जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेको देखिएन । तसर्थ यी पुनरावेदक वादीका नाउँमा कायम रहेको बा.५.च. ८७३७ को मारुती गाडीसमेत बण्डा गर्ने गरी भएको शुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६५।५।२९ को फैसला सो हदसम्म नमिलेकोले उल्टि हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. संकेत नं. १२५ मा बस्ने संकेत नं. २२५*

प्रतिवादी विद्यार्थी अवस्थाको देखिएको र कसूर गर्दाको अवस्थामा १५ वर्ष १० महिनाको कलिलो उमेरसमेतका कारण निजले गरेको बिजाइँ कठोररूपमा लिई कानूनबमोजिमको सजाय गर्दा चर्को पर्न जाने कुरा वारदात गर्दाको प्रतिवादीको अपरिपक्व परिस्थिति तथा सोको उपजका कारण भएको बिजाइँसमेत भएबाट यिनै समग्र परिस्थितिलाई समेत विश्लेषण गरी न्यायिक मन प्रयोग गरिएकोसमेत मिसिल प्रमाणबाट देखिएको हुँदा शुरू जाजरकोट जिल्ला अदालतबाट भएको राय कायम राख्न राय व्यक्त गरेको पुनरावेदन अदालत, सुर्खेतको राय मुनासिब देखिएकोले शुरू जाजरकोट जिल्ला अदालत तथा पुनरावेदन अदालत, सुर्खेतबाट भएको इन्साफ सदर हुने भै सजायको हकमा अ.बं १८८ नं बमोजिम १ वर्ष ६ महिना कैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत २०७० साल असार २८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-CI-१५५०, बकसपत्र लिखत दर्ता बदर दर्ता, *नीना मानन्धरको वारेस भै आफ्नो हकमासमेत जुजुभाई मानन्धर वि. श्रीमती सविता मानन्धरसमेत*

वादी सविता मानन्धरले सन् १९९३ देखि २००० सम्म I.J. Pioneer School मा अध्यापनसम्बन्धी काम गरेको भनी उक्त विद्यालयको प्रमाणित पत्र र सन् २००९ र २०१० तथा त्यसपछि हालसम्मको आय विवरण खुलेको रातो बंगला स्कूलको प्रमाणपत्रबाट यी पुनरावेदक वादी कामकाजी आय आर्जन गर्ने महिला भएको देखिन्छ र निजको आय प्रमाणित भएकोसमेत देखिन्छ । विवादित जग्गाको खरीद मूल्य ९३,०००।- भै सो जग्गा खरीदका सम्बन्धमा वादीले जिकीर लिएको आयले उक्त खर्चसमेत धान्न सक्ने नदेखिने ।

पितृसत्तात्मक सामाजिक मनोविज्ञान अद्यापि विद्यमान रहेको अवस्थामा सगोलको आयले खरीद गरी बुहारीको नाममा राखेको होला भनी विश्वास गर्न सकिने अवस्था पनि छैन । कामकाजी आय आर्जन गर्ने महिलाको रूपमा प्रतिवादी सविता मानन्धरले शिक्षण पेशामा संलग्न रहेको र सो कुरालाई वादीहरूले अन्यथा भन्न सकेको देखिँदैन । आफ्नो निजी आर्जन र सीपबाट आर्जित सम्पत्ति नभएको भए वादीहरूले तत्कालीन अवस्थामा प्रतिवादी सविता मानन्धरका नाममा नै उक्त जग्गा राजीनामा गरी कायम राखी राख्न पर्ने अवस्था देखिँदैन । अंश मुद्दाको प्रतिउत्तर

व्यहोरामा प्रतिवादी हामी भन्दा स्रोतदार र आम्दानीवाला हुन् भनी स्वीकार गरी निजको आर्जन र सीपलाई अन्यथा भन्न सकेको देखिँदैन । यस्तो अवस्थामा निजको निजी आर्जन र सीपबाट आर्जित सम्पत्तिमा निजले आफूखुशी गर्नसक्ने व्यवस्था मुलुकी ऐन, अंशबण्डाको १८ नं. ले गरेको कानूनको सारभूत पक्षलाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार ३० गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-CI-०४२३, उत्प्रेषण, परमादेश, *विश्व निकेतन उ.मा.वि.को हकमासमेत कमला शाक्य वि. नीलमतारा तुलाधर*

नीलमतारा तुलाधर पूर्णबहादुर अमात्यको लियन पदमा कार्यरत् रहेकी र निज पूर्णबहादुर अमात्य फर्कीआएपछि भने यी प्रत्यर्थीलाई हालको लियन पदबाट अवकास दिनलाई यी प्रत्यर्थी हालको स्थायी माध्यमिक स्तर तृतीय श्रेणी सरह गणित शिक्षक पदमा मिति २०५९।१२।१ मा नियुक्ति दिईंदा "विश्व निकेतन उच्च माध्यमिक विद्यालयको निजी स्रोतबाट स्थायी भएका शिक्षक/कर्मचारीहरूलाई लागू हुने सेवा, शर्त, सेवा सुविधा र कार्य विवरण" को ४ नं. मा "विद्यालयबाट सिर्जित पद विद्यालयको निजी स्रोतमा भर पर्ने हुँदा विद्यालयको आर्थिक अवस्थानुसार हेरफेर गरिनेछ । यस सम्बन्धमा विद्यालयले निर्णय लिएको खण्डमा सेवारत् कर्मचारीले बाहिर अवसर पाउने गरी कम्तिमा ३ महिनाअगावै सूचना दिई पदमुक्त गर्न सकिनेछ । तसर्थ विद्यालयको दिगो विकास सबैको समान उद्देश्य रहनेछ" भन्ने शर्त उल्लेख भएको देखिन आयो । उक्त शर्तबमोजिम विद्यालयको निजी स्रोतमा कमी आई आर्थिक व्ययभार बढेको कारणले यी प्रत्यर्थीलाई सेवाबाट अवकास दिने निर्णय गर्दा सोही शर्त नं. ४ ले पुनरावेदक विद्यालयलाई ३ महिना अगावै सूचना दिने दायित्त्व प्रष्टरूपमा किटेको अवस्था छ । शर्तअनुकूलको ३ महिना पूर्वसूचना दिने र अवकास गर्नुपूर्व सुनुवाईको मौका नदिई सेवाबाट अवकास गर्ने गरी गरेको विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको पत्र प्रत्यक्ष रुपमा उल्लेखित शर्तप्रतिकूल देखिन आउने ।

विपक्षी नीलमतारा तुलाधरलाई सेवामा लगाउने सेवा शर्तसम्बन्धी कागजातको बुँदा नं. ४ मा तीन महिनाअघि सूचना दिई हटाउन सक्ने भन्ने उल्लेख भएको देखिँदा सोबमोजिम सूचना नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत नीलमतारा तुलाधरलाई अवकास दिएकोसमेत देखिएबाट उक्त अवकास दिने गरी भएको मिति २०६९।३।१ को विश्व निकेतन उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समितिको निर्णय पत्राचार र सोबमोजिम अवकास दिने कार्यलाई कानूनसङ्गत् भन्न मिलेन । अतः प्रत्यर्थी/निवेदक नीलमतारा तुलाधरलाई अवकास दिने गरी विपक्षी विद्यालयबाट भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी नीलमतारा तुलाधरलाई साविकबमोजिम कामकाज लगाउन परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०२०१, उत्प्रेषण परमादेश, *अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रजस्वला हुनु भनेको महिलामात्रको नितान्त प्राकृतिक गुणमा आधारित अवस्था

भएकोमा विवाद गर्ने ठाउँ छैन। यस्तो अवस्थालाई लिएर यस्तो प्राकृतिक गुण राज्यले प्रदान गरेका सेवा सुविधा उपभोग गर्नको लागि बाधक बन्ने भन्ने प्रश्न नै आउँदैन । यदि यस्तो अवस्थालाई लिएर कुनै भेदभावको नीति अख्तियार गरिन्छ भने त्यो जस्तो अमानवीय कार्य अरू केही पनि हुन सक्दैन। रजस्वला भएको कारणले विद्यालयमा पठनपाठन गर्नबाट रोक लगाउने कार्य भएको हो भने यस्तो रोक लगाउने कार्यलाई नागरिकको निर्वाध शिक्षा प्राप्त गर्ने हकको गम्भीर उल्लङ्घन नै मान्नुपर्ने ।

महिला सशक्तीकरणका लागि अपरिहार्य मानिने शिक्षा स्वास्थ्यलगायतका कुराहरूलाई राज्यका निकायहरूले विभिन्न कार्यक्रमहरूमार्फत् सम्बोधन गरिनुपर्ने हुन्छ । कहीँ कतै रूढीवादीग्रस्तरूपमा रहेको हाम्रो समाजको स्थानीयस्तरमा सामाजिक कुरीतिकोरूपमा रजस्वला भएकी महिलालाई घर परिवारका साथै सार्वजनिक स्थलमा समेत अस्वीकार गर्ने प्रचलन रहेको पनि हुन सक्छ, तर यस्तो समस्यालाई कानूनी समस्याका रूपमा भने लिन मिल्दैन । कानूनले यस्तो अवस्थालाई विभेदको आधार मानेको अवस्था पनि नदेखिने ।

विपक्षी विद्यालयले रजस्वला भएकी छात्रालाई रजस्वलाको अवधिभर कक्षामा उपस्थित हुन रोक लगाउने कार्य गरेबाट छात्राहरू पीडित भएको भन्न र सोही समाचारको आधारले मात्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १७ एवं २० द्वारा प्रदत्त हक अधिकारको उपभोग गर्नबाट महिलामहिला बीचमा भेदभाव भएको भई बाधा सिर्जना भएको भनी निष्कर्षमा पुग्न सकिने अवस्थासमेत देखिन नआउँदा न्याय निरूपण गरी टुङ्गो लगाउनु पर्ने कुनै संवैधानिक वा कानूनी प्रश्न समावेश रहेको नदेखिनुको साथै निवेदन दावीबमोजिम छात्रालाई भेदभाव गरिएको भन्ने कुरालाई पुष्टि गर्ने कुनै तथ्यगत प्रमाणसमेत प्रस्तुत हुन नसकेको आधार र कारणबाट निवेदन मागबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-१३६६, मोही कायम, *मदनकृष्ण लवट वि. चरी बस्नेत*

मोहियानी हक कायम हुने वा नहुने भन्ने सम्बन्धमा दर्तावाला जग्गाधनीहरूलाई झिकाई बुझ्ने कामसम्म गरिएको देखिँदैन। जग्गाधनीलाई नै थाहा जानकारी नदिई वा बुझ्दै नबुझी मोहीयानी हक कायम हुने नहुने भन्नेतर्फ न्याय निरूपण गर्नु न्यायसङ्गत् नदेखिने ।

दर्तावाला जग्गा धनी श्रीकृष्ण लवटबाहेकका जग्गा धनीहरूलाई बुझ्दै नबुझी निजहरूलाई आफ्नो सम्पत्तिको बारेमा भन्ने मौकासमेत नदिई प्राकृतिक न्याय सिद्धान्तविपरीत भई प्रत्यर्थी वादी चरी बस्नेतलाई विवादित जग्गामा मोहियानी हक कायम हुने ठहऱ्याई भएको शुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६७।९।२० को निर्णय बदर गरी नारायणकृष्ण लवट, गुण्डा लवट र जीवन लवट तथा अन्य जे जो बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्नु भनी शुरू मिसिलसहित तारिखमा रहेका पक्षहरूलाई शुरू भूमिसुधार कार्यालयमा पठाई दिने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CR-०४८०, केही सार्वजनिक अपराध, *दिनानाथ प्रसाद साह वि. नेपाल सरकार*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ को देहाय (२) मा अदालतले देहायबमोजिम सजाय गर्न सक्नेछ भन्ने वाक्यांश उल्लेख भएको देखिँदा त्यसबाट सजाय गर्नु पर्ने नपर्ने सम्बन्धमा हेर्दा सोबमोजिम सजाय गर्नुपर्ने बाध्यात्मक व्यवस्था नभई अदालतले मुद्दाको वस्तुस्थिति एवं प्रमाणहरू समेतलाई विचार गरी न्यायिक विवेक प्रयोग गरी सजाय गर्ने वा नगर्ने हुन सक्दछ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ को उपदफा २ को (क) र (ख) बमोजिम जाहेरवालालाई सजाय गर्नै पर्ने भनी बाध्यात्मक नहुँदा जाहेरवालालाई दण्ड सजाय गरी क्षतिपूर्तिसमेत दिलाई पाऊँ भन्ने प्रतिवादीको पुनरावेदन जिकीरअनुसार सजाय नै गर्नुपर्ने कुरा न्यायोचित नदेखिने ।

प्रतिवादी दिनानाथ प्रसाद साहले सार्वजनिक अपराध तथा सजाय ऐन, २०२७ को दफा २ को खण्ड (ख) (ज) र (झ) अनुसारको कसूर अपराध गरेको ठहऱ्याई ऐ.को दफा ६(२) अनुसार निजलाई एकपटक कागज गराई छाडिदिने गरेको जिल्ला प्रशासन कार्यालय, पर्साको मिति २०६५।१।२४ को फैसला नमिलेकोले सो फैसला उल्टी गरी प्रतिवादी दिनानाथ प्रसाद साहले अभियोगदावीबाट सफाइ पाउने ठहऱ्याई मिति २०६६।८।१६ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसलाउपर पुनरावेदन नपरेकोले सो सम्बन्धमा केही गरिरहन नपर्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल कात्तिक २५ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६७-CR-०४७९, केही सार्वजनिक अपराध, *दिनानाथ प्रसाद साह वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७४८, कर्तव्य ज्यान, *विष्णु परियार वि. नेपाल सरकार*

दाजुभाइ र बाबुसमेत एक आपसमा गाली गलौजको बीचमा सामान्य कुटपीट भएको धकेलाधकेल भएको र धकेली दिँदा मृतक आँगनमा लड्न गई ढुङ्गामा ठोक्किन पुगेको भन्ने स्वयम् प्रतिवादीको भनाई रहेको र सोही तत्काल उठेको रिसमा झगडा हुँदा हानेको चोट पीरले मृतकको मृत्यु भएको हो भन्ने देखिन आयो । सो तथ्यलाई जाहेरी दरखास्त, लासजाँच प्रकृति मुचुल्कासमेतका प्रमाणहरू र बुझिएका मानिसहरूको कागजसमेतले पुष्टि गरेको अवस्था छ । त्यसकारण प्रस्तुत मुद्दाको अपराध ज्यानसम्बन्धी महलअनुसार ५ नं. अन्तर्गतको नभै १४ नं. अन्तर्गत रहेको देखिँदा प्रतिवादी विष्णु परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याएको शुरू चितवन जिल्ला अदालतको मिति २०६४।१०।२१ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०९७१, उत्प्रेषण परमादेश, *दुर्गादेवी थापासमेत वि. दिनेशचन्द्र सिंहसमेत*

सप्तरी जिल्ला अदालतबाट भएको मिति २०६७।७।२३ को आदेशबमोजिम मिति २०६७।५।२८ मा भएको नक्सा मुचुल्का एवं त्यस अदालतसमक्ष परेको मिति २०६७।५।३१ को निवेदनमा खुलाइएका आधार एवं प्रमाणहरू समेतबाट सम्बन्धित मुद्दामा विवादमा रहेको जग्गा सम्बन्धमा निराकरण गर्न उपयुक्त हुने भनी रिट निवेदकहरूलाई अ.बं.१३९ नं अनुसार बुझ्न भनी आदेश भएकोबाट यी रिट निवेदकहरूलाई त्यस सप्तरी जिल्ला अदालतको मिति २०६७।७।२३ को आदेशानुसार अ.बं. १३९ नं. अनुसार बुझी सकिएकोबाट सो बयान एवं त्यसमा उल्लेखित आधारसमेतलाई ध्यानमा राखी न्याय निरोपण गर्न सप्तरी जिल्ला अदालतलाई सजिलो हुने एवं त्यसबाट अदालतको फैसला भैसकेपश्चात् पनि पुनः मुद्दाको विषयको जन्म हुने कुराबाट समेत बचिने कुरा देखिन आउने ।

तसर्थ, शुरू सप्तरी जिल्ला अदालतको आदेशबमोजिम अ.बं.१३९नं. अनुसार बुझिसकिएको र बुझी सकिएको व्यक्तिले प्रस्तुत गरेको प्रमाणहरूबाट प्रस्तुत मुद्दाको निराकरण हुन सजिलोसमेत हुने हुनाले पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६७।१२।१० को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिइएको छ । सप्तरी जिल्ला अदालतबाट भएको मिति २०६७।७।२३ को आदेशानुसार गर्नु भनी विपक्षी पुनरावेदन अदालत, राजविराज र सप्तरी जिल्ला अदालतका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल कात्तिक २० गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती, रिट नं.** ०६९-WO-१०५६, १०३६, १०२३, १०४६, १०५७, १०८७, ०८८६, ०८४६, १०२१, १०२२, उत्प्रेषण, परमादेशसमेत, *मार्फा हाइड्रो इलेक्ट्रिक कम्पनी प्रा.लि. को अख्तियारप्राप्त ऐ.का सञ्चालक अध्यक्ष चन्द्रबहादुर कार्की वि. ऊर्जा मन्त्रालयसमेत, विवश श्रेष्ठ (इसुवा हाइड्रोपावर प्रा.लि का सञ्चालक) वि. ऊर्जा मन्त्रालयसमेत, सञ्जय श्रेष्ठ (अपर सागुखोला साना जलविद्युत् आयोजनाका सञ्चालक) वि. ऊर्जा मन्त्रालयसमेत, पि.के हाइड्रोपावर प्रा.लि.को तर्फबाट ऐ.का अख्तियारप्राप्त सञ्चालक लिलाबहादुर सुनुवार वि. ऊर्जा मन्त्रालयसमेत, पैयुकालिका हाइड्रो इलेक्ट्रिक कम्पनी प्रा.लि को अख्तियारप्राप्त ऐ का सञ्चालक अध्यक्ष हेमन्तप्रसाद तिवारी वि. ऊर्जा मन्त्रालयसमेत, सी.जी इनर्जी ईन्फ्रास्ट्रक्चर प्रा.लि. को तर्फबाट तथा आफ्नो हकमा समेत ऐ. का सञ्चालक एवं एकल सेयरधनी निर्माणकुमार चौधरी वि. ऊर्जा मन्त्रालयसमेत, सिटिजन हाइड्रोपावर कम्पनी प्रा.लि. को अधिकारप्राप्त अधिवक्ता तेजबहादुर कटुवाल वि. ऊर्जा मन्त्रालयसमेत, मिल्के जलजले हाइड्रोपावर प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक कुमार कटुवाल वि. ऊर्जा मन्त्रालयसमेत, उमेश अधिकारी (फावाखोला साना जलविद्युत् आयोजनाका सञ्चालक) वि. नेपाल सरकार ऊर्जा मन्त्रालयसमेत, कोमल कार्की (सागुखोला साना जलविद्युत् आयोजनाका सञ्चालक) वि. ऊर्जा मन्त्रालयसमेत,*

निवेदक कम्पनीहरूले आवश्यक कागजात पेश गरेपश्चात् पनि विद्युत् विकास विभागले समयमा नै अनुमति प्रदान नगरेको भन्ने निवेदकहरूको भनाई सम्बन्धमा विचार गर्दा, विद्युत् उत्पादनको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न अनुमतिपत्र प्रदान गर्ने वा नगर्ने, नवीकरण गर्ने वा नगर्ने निर्णय विद्युत् ऐन २०४९, विद्युत् नियमावली २०५० तथा जलविद्युत् आयोजना अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०६८ मा स्पष्ट

व्यवस्था गरेको देखिन्छ । सो व्यवस्थाअनुसार निवेदकहरूले आवश्यक कागजात तथा विवरणहरू साथै राजश्व रकम दाखिला गरेपश्चात् आवश्यक प्रक्रिया पूरा भएको अवस्थामा विद्युत् विकास विभागले समयमा नै अनुमति प्रदान नगर्नु पर्ने कारण निवेदकले खुलाउन सकेको अवस्था छैन । निवेदकहरूले अनुमतिपत्रको लागि निवेदन दिएपश्चात् पनि आफ्नो अधिकारप्रति सचेत रही समयसमयमा ताकेता गरी आफ्नो निवेदनको प्रक्रिया कति अघि पुग्यो सो सम्बन्धमा बुझ्नु पर्ने थियो । लामो अवधिसम्म पनि अनुमति प्रदान नगरेपछि सोही समयमा निवेदकहरूले आवश्यक कदम चाल्नु पर्ने थियो । तर निवेदकहरूले मिति २०६९।०६।१५ को राजपत्रको सूचनाबमोजिम थप दस्तूर लगाएपश्चात् मात्र निवेदकहरू अदालत प्रवेश गरेको देखिएबाट निज निवेदकहरू सफा मनले अदालत प्रवेश गरेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

निवेदकहरूले अनुमतिपत्र नपाई निजहरूको हक सिर्जना नहुने हुँदा निवेदन दिँदैमा हक प्राप्त हुँदैन । मिति २०६९।६।१५ लाईसमेत समेट्ने गरी दस्तूर दाखिला गरेको निवेदकहरूको कथन छैन । यस्तो अवस्थामा नेपाल सरकारको मिति २०६९।०६।१५ को राजपत्रको सूचनाबमोजिमको थप दस्तूर लिने निर्णयलाई अन्यथा भन्न मिलेन । यस्तो अवस्थामा विद्युत् विकास विभागले थप दस्तूर माग्न पाइने नै हुँदा निवेदकहरूले अनुमतिपत्र प्राप्त गर्नको लागि थप दस्तूर बुझाउनु पर्ने ।

दस्तूर दाखिला नै नगरेको वा संशोधित मितिसमेतलाई खाम्ने गरी दस्तूर दाखिला नगरेको अवस्थामा समेत सर्वेक्षण अनुमतिपत्र तथा नवीकरण दस्तूरमा भएको परिवर्तनलाई चुनौती दिन निवेदकलाई अधिकार हुँदैन । आवश्यकताअनुसार राजश्व थपघटसम्बन्धी निर्णय गर्नसक्ने पूर्ण अधिकार नेपाल सरकारमा निहीत रहेको हुँदा निवेदकहरूको निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल कार्तिक २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०६९-WO-०९६८, ०७०७, ०७९०, ०७९१, ०८८८, ०८८९, ०७३३, ०६८३, ०६८८, ०६८९, ०६९१, ०६९२, ०६९५, ०६९८, ०६९७, ०६५५, ०६५४, ०६६४, ०५३२, ०६३०, ०६३२, ०६४१, ०६४२, ०६२२, ०६४३, ०६६३, ०६५६, ०६५७, ०६६२, ०६५८, ०६४५, ०६६०, ०६५३, ०६७२, ०६७१, ०६८२, ०६८१, ०६७७, ०६७६, ०६७५, ०६७३, ११९२, ०६२७, ०६८७, उत्प्रेषण, परमादेशसमेत, *श्री ज्वाला साझेदारी हाइड्रोपावर प्रा.लि. को अख्तियारप्राप्त ऐ.का सञ्चालक अध्यक्ष रास बुढा वि. ऊर्जा मन्त्रालयसमेत, रसुवा हाइड्रोपावर प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक अध्यक्ष गणेशबहादुर थिङ् वि. ऊर्जा मन्त्रालयसमेत, सिद्धकाली पावर प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक ऐ का इन्जिनियर प्रमोद दवाडी वि. ऊर्जा मन्त्रालयसमेत, युनाइटेड हाइड्रो इन्टरनेसनल प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक आनन्द प्रधान वि .ऊर्जा मन्त्रालयसमेत, पायोनियर हाइड्रो प्रा.लि का अख्तियारप्राप्त गरी आफनो हकमा समेत ऐ.का सञ्चालक शालिकराम घिमिरे वि. ऊर्जा मन्त्रालयसमेत, सिद्धकाली पावर लिमिटेडको अख्तियारप्राप्त गरी आफनो हकमासमेत ऐ.का कार्यकारी निर्देशक तथा सेयर धनी पूजा दाहाल न्यौपाने वि. ऊर्जा मन्त्रालयसमेत, हिम श्री पावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ.का प्रबन्धक अर्जुनप्रसाद पौडेल वि. ऊर्जा मन्त्रालय, पर्फेक्ट इनर्जी डेभलपमेन्ट प्रा.लि का अख्तियारप्राप्त ऐ.का*

सञ्चालक अर्जुन बलराम थिङ् वि. ऊर्जा मन्त्रालयसमेत, ढोरपाटन जलविद्युत् प्रा.लि.का अख्तियारप्राप्त गरी आफनो हकमासमेत ऐ.का सञ्चालक दामोदर भुषाल वि. ऊर्जा मन्त्रालयसमेत, तमान खोला हाइड्रो प्रा.लि को अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत ऐ.का सञ्चालक डिल्लीराज भुषाल वि. ऊर्जा मन्त्रालयसमेत, बेत्रावती हाइड्रो इलेक्ट्रिक कम्पनी प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक विषम रिमाल वि. ऊर्जा मन्त्रालयसमेत, पर्वत पैयुं खोला हाइड्रोपावर कम्पनी प्रा.लि को अख्तियारप्राप्त ऐ.का अध्यक्ष एवं सञ्चालक राजकुमार वसेल वि. ऊर्जा मन्त्रालयसमेत, मेन्छियाम हाइड्रोपावर प्रा.लि को अख्तियारप्राप्त ऐ.का सञ्चालक इन्द्रमण्डल राई वि. ऊर्जा मन्त्रालयसमेत, रुरु बन्चु १ जलविद्युत् आयोजनाको सञ्चालक नारायणप्रसाद बन्जाडे वि. ऊर्जा मन्त्रालयसमेत, गण्डकी हाइड्रो सोलुसनका अख्तियारप्राप्त रामराज कोइराला वि. ऊर्जा मन्त्रालयसमेत, माया खोला हाइड्रोपावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ. का अध्यक्ष हरि बैरागी दाहाल वि. ऊर्जा मन्त्रालय, सिँहदरबार काठमाडौंसमेत, कन्सोर्सियम पावर डेभलपर्स प्रा.लि का अख्तियारप्राप्त ऐ. का प्रमुख कार्यकारी अधिकृत दीपकनाथ चालिसे वि. ऊर्जा मन्त्रालयसमेत, शिव गौरी हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ. का श्री पुस्कर अधिकारीसमेत वि. ऊर्जा मन्त्रालयसमेत, बरुण हाइड्रोपावर कम्पनी लि का अख्तियारप्राप्त ऐ. का सञ्चालक डेडराज खड्कासमेत वि. ऊर्जा मन्त्रालयसमेत, चण्डेश्वरी महादेवखोला माइक्रो हाइड्रो कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ. का सञ्चालक केदार खड्का वि. ऊर्जा मन्त्रालयसमेत, मध्यमिदिम जल विद्युत् कम्पनी लि का अख्तियारप्राप्त मनोनयन गरी पठाइएका तिलकबहादुर पाण्डे वि. ऊर्जा मन्त्रालयसमेत, मौलाकालिका हाइड्रोपावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत ऐ.का सेयरधनी सञ्चालक एवं प्रबन्ध निर्देशक तुलसीप्रसाद न्यौपाने वि. ऊर्जा मन्त्रालयसमेत, छिम्केश्वरी हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत ऐ.का सेयरधनी आनन्द चौधरी वि. ऊर्जा मन्त्रालयसमेत, पिपुल्स हाइड्रोपावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ.का प्रबन्ध सञ्चालक केशवबहादुर रायमाझी वि. ऊर्जा मन्त्रालयसमेत, सालासङ्गी पावर प्रा.लि का अख्तियारप्राप्त ऐ.का सेयरधनी रेखाकुमारी शर्मा अधिकारी वि.ऊर्जा मन्त्रालयसमेत, युनाइटेड इदीमर्दी एण्ड आर.बि हाईड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ.का सञ्चालक नन्दलाल अधिकारी वि. ऊर्जा मन्त्रालयसमेत, शिव श्री हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ.का अध्यक्ष उमेश कसजु वि. ऊर्जा मन्त्रालयसमेत, अपर सोलु हाइड्रोइलेक्ट्रिक कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ.का प्रमुख कार्यकारी अधिकृत शशि सागर राजभण्डारी वि. ऊर्जा मन्त्रालयसमेत, माछापुच्छ्रे हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ.का प्रबन्धक अर्जुनबहादुर खवास वि. ऊर्जा मन्त्रालयसमेत, युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ.का सञ्चालक सुकुन्तलाल हिराचन वि. ऊर्जा मन्त्रालयसमेत, सुब्रत धिताल (निलगिरी खोला जलविद्युत् आयोजना) वि. ऊर्जा मन्त्रालयसमेत, रैराङ्ग हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ.का सञ्चालक कुवेरमणि नेपाल वि. ऊर्जा मन्त्रालयसमेत, गर्जाङ्ग उपत्यका हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ.का सञ्चालक आङटावा शेर्पा वि. ऊर्जा मन्त्रालयसमेत, तमोर सानिमा इनर्जी प्रा.लि का अख्तियारप्राप्त ऐ.का प्रबन्ध सञ्चालक डा. जुगल भुर्तेल वि. ऊर्जा मन्त्रालयसमेत, श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन प्रा.लि का अख्तियारप्राप्त रीता सिंह

*महर्जन वि. ऊर्जा मन्त्रालयसमेत, स्वयम्भु हाइड्रोपावर प्रा.लि का ऐ. का सञ्चालक समितिका अख्तियारप्राप्त ऐ. सञ्चालक अध्यक्ष मानबहादुर भुषाल वि. ऊर्जा मन्त्रालयसमेत, सिन्धुज्वाला हाइड्रोपावर प्रा.लि का अख्तियार प्राप्त ऐ. का सञ्चालक अध्यक्ष चूर्णप्रसाद श्रेष्ठ वि. ऊर्जा मन्त्रालयसमेत, डायमन हाइड्रोपावर प्रा.लि का अख्तियारप्राप्त ऐ. का सञ्चालक दुर्गाप्रसाद अमगाई वि. ऊर्जा मन्त्रालयसमेत, तुँदी पावर कम्पनी लि का अख्तियारप्राप्त ऐ. का सञ्चालक आनन्दप्रसाद सुवेदी वि. ऊर्जा मन्त्रालयसमेत, मञ्जु आचार्य (राहुघाट मंगले जलविद्युत् आयोजना) वि. ऊर्जा मन्त्रालयसमेत, सुनीमाया खड्का (राहुघाट मंगले जलविद्युत् आयोजना) वि. ऊर्जा मन्त्रालयसमेत, वेस्ट स्टार हाइड्रोपावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त भई आफ्नो हकमासमेत ऐ. का अध्यक्ष पूजा चन्द वि. ऊर्जा मन्त्रालयसमेत, वेस्ट स्टार हाइड्रोपावर कम्पनी प्रा.लि का अख्तियारप्राप्त ऐ. का अध्यक्ष पूजा चन्द वि. ऊर्जा मन्त्रालयसमेत, अन्नपूर्ण विद्युत् प्रा.लि का अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत ऐ.का प्रबन्ध निर्देशक कमलबहादुर थापा क्षेत्री वि. ऊर्जा मन्त्रालयसमेत*

नेपाल सरकारमा आवश्यकताअनुसार ऐन, नियमको संशोधन गर्न सक्ने पूर्ण अधिकार निहीत रहेको हुन्छ । विद्युत् नियमावलीको अनुसूचीमा पनि नेपाल सरकारले आवश्यक संशोधन गर्न सक्ने अवस्थाको विद्यमानता नै देखियो । तर, संशोधन मिति २०६९।६।१५ भन्दा अगाडि राजस्व रकम दाखिला गरी नवीकरण गरिसकेका वा सो अवधिलाई समेत खाम्ने गरी दस्तूर दाखिला गरी नवीकरणका लागि निवेदन गरेका निवेदकहरूको हकमा वृद्धि गरिएको परिवर्तित दस्तूर लिन मिल्ने अवस्था नहुने ।

भूतलक्षीस्वरुप दिइएको अवस्थामा बाहेक कानून सदैव पश्चात्दर्शी हुने हुँदा मिति २०६९।६।१५ गतेको राजपत्रको सूचना आउनुभन्दा पहिला नै राजस्व रकम दाखिला गरी नवीकरणका लागि निवेदन गरिसकेका निवेदकहरूलाई पछि संशोधित दस्तूर लागू गरी थप परिवर्तित दस्तूर दाखिला गर्नु भन्ने विपक्षी विद्युत् विकास विभागद्वारा जारी गरिएको उक्त सूचना र सो सूचनामा गरिएको व्यवस्था र तदनुरूपको पत्रसमेत कानूनसम्मत् देखिन नआउने ।

आगामी एक वर्ष नवीकरणको म्याद हुने भई सो मिति २०६९।०६।१५ को अवधि समेतलाई खाम्ने गरी दस्तूर दाखिला गरिसकेका रिट निवेदकहरूको निर्णय गर्न बाँकी भए पनि वा अन्य कुनै निकायमा फायल गई निर्णय हुन आफ्नो कारणले सम्भव नभएकोमा सोही दस्तूरको आधारमा कानूनबमोजिम नवीकरण गर्ने वा नगर्ने निर्णय गर्नुपर्ने हुन्छ । यसका लागि समेत थप दस्तूर मागिएको काम कारवाही, निर्णय, सूचना र पत्राचारलगायतका काम कारवाहीहरू गैरकानूनीसमेत देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

मिति २०६९।०६।१५ को मितिभन्दा पछि सोहीबमोजिमको दस्तूर दाखिला गर्नुपर्ने कुरामा कुनै द्विविधा हुन सक्दैन । तर, मिति २०६९।०६।१५ को मितिभन्दा अगावै नवीकरण अवधि समाप्त भएका र नवीकरणका लागि साविक बमोजिमको दस्तूर दाखिला नगरेका निवेदकहरूका हकमा कानूनबमोजिम अनुमतिपत्र रद्द गर्ने वा नवीकरण नगर्ने वा थप रकम दाखिला गराउने विपक्षी मन्त्रालयसमेतलाई कानूनले अख्तियार दिइनै रहेकोबाट सो विषयमा केही बोलिरहन नपर्ने ।

केवल संशोधनपूर्वका हकमा समेत संशोधनद्वारा बढाइएको दस्तूर माग गर्नु कानूनप्रतिकूल हुने हो । अन्यथा नवीकरण गर्ने वा नगर्ने र अनुमति प्रदान गर्ने वा नगर्ने कुरा प्रचलित कानूनका अधीनमा रही यथोचित निर्णय गर्न

प्रत्यर्थी मन्त्रालय सक्षम छ । यो आदेश प्राप्त भएको मितिले विद्युत् ऐन, २०४९ को दफा ४ बमोजिम विद्युत्को सर्वेक्षण अनुमतिपत्रको हकमा ३० दिन र विद्युत्को उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा १२० दिनभित्र जे जो बुझ्नु पर्ने बुझी वा जाँचबुझ गरी कानूनसम्मत् निर्णय गर्नु भनी विपक्षी नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल कात्तिक २५ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-WH-००१९, बन्दीप्रत्यक्षीकरण, *च्यापे भन्ने अर्जुनकुमार तामाङ् वि. श्री कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर, काठमाडौंसमेत*

निवेदक च्यापे भन्ने अर्जुनकुमार तामाङ् मिति २०६६।२।१३ गतेदेखि हालसम्म लगातार थुनामा रहेको अवस्थामा निजलाई दण्ड सजायको ४१ नं. बमोजिम जुन कलममा कैदको सबभन्दा ठूलो हद छ, सो हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ भन्ने कानूनी व्यवस्थाबमोजिम निजलाई लागेको कैद भुक्तान भइसकेको एवं दण्ड सजायका ३८ नं. बमोजिम जरीवानाको हकमासमेत कैद ठेक्दा ४ वर्षभन्दा बढी कैद ठेक्न हुँदैन भन्ने कानूनी व्यवस्था रहे भएबाट यी निवेदक च्यापे भन्ने अर्जुनकुमार तामाङ् मिति २०६६।२।१३ गतेदेखि हालसम्म लगातार कैदमा रहेको मिसिल संलग्न काठमाडौं जिल्ला अदालतको प्रमाणमा आएको कैदी पूर्जी र संलग्न मिसिलहरूबाट समेत पुष्टि भैरहेको देखिँदा निजलाई लागेको कैद वर्ष ४ (चार) भुक्तान भैसकेको देखिँदा दं.स. को ४१ नं. ले लाग्ने कैद भन्दा बढी कैद गरेको देखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल कात्तिक २७ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०३२४, निषेधाज्ञा, *वीरसिंह बुढासमेत वि. अन्तराम जोशी*

पुनरावेदकको पुनरावेदन जिकीरबमोजिम निजले रिट निवेदक अन्तराम जोशीको जग्गामा कुनै पनि किसिमको खिचोला वा कब्जा गर्ने प्रयाससमेत गरेको छैन भन्ने निजहरूको कथन सत्य हो वा होइन भनी हेर्दा यिनै पक्ष र विपक्षीबीच कञ्चनपुर जिल्ला अदालतमा चलेको जग्गा खिचोला मेटाई घर टहरा उठाई जग्गामा चलन चलाई पाऊँ भन्ने मुद्दामा वादीको जग्गा र सो जग्गामा बनाएको घर टहरा उठाई वादीले चलनसमेत चलाई पाउने ठहर्छ भनी फैसला भई सो फैसला पुनरावेदन अदालत, महेन्द्रनगरबाट समेत सदर भई अन्तिम भई बसेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ। उक्त फैसलालाई आधार लिने हो भने पनि यी पुनरावेदकले रिट निवेदकको जग्गामा खिचोला गरी निर्माण कार्य गर्न लागेको भन्ने कुरा आशङ्का गर्नुपर्ने स्थिति देखिन आउने हुँदा निवेदकको नाउँ दर्ता रहेको कि.नं. ११६ को जग्गामा कुनै निर्माण कार्य नगर्नु भनी विपक्षीहरूका नाउँमा जारी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।११।१७ निषेधाज्ञाको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०१७०, उत्प्रेषणयुक्त परमादेश, *जगदीश महतो वि. सुरजीदेवी मुडियारनीसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार पर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।" भन्ने व्यवस्था रहेको पाइँदा रिटको असाधारण अधिकारक्षेत्रअन्तर्गत अदालत प्रवेश गर्दा सो विषयको समस्या समाधान गर्ने अर्को कुनै वैकल्पिक उपचारको व्यवस्थाको अभावमा मात्र प्रवेश गर्नसक्ने देखिन्छ । विवाद समाधान गर्ने अर्को उपचारको बाटो विद्यमान भएको अवस्थामा रिटको असाधारण अधिकारक्षेत्र प्रयोग गर्न नमिल्ने हुँदा म्याद वेरीतको भएमा साधारण अधिकारक्षेत्रअन्तर्गत वेरीतसँग म्याद तामेल भएको भनी साधारण अधिकारक्षेत्रको माध्यमबाट त्यस्तो वेरीतपूर्वक तामेली भएको म्यादलाई बदर गर्न सकिने कानूनमा व्यवस्था हुँदाहुँदै निवेदकसँग उक्त वैकल्पिक उपचारको व्यवस्थाको विद्यमानता रहेको नै देखिँदा पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।२६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-११२५, उत्प्रेषणयुक्त परमादेश, *नेपाल यौन रोग तथा एड्स अनुसन्धान केन्द्र (एनसार्क) को तर्फबाट अख्तियारप्राप्त बचनु झा वि. भेरी अञ्चल अस्पताल विकास समिति, नेपालगञ्ज, बाँकेसमेत*

एनसार्कले भेरी अञ्चल अस्पतालको स्वामित्वमा रहेको जग्गा प्रयोग गरी भवन निर्माण गरेको कुरामा विवाद देखिँदैन । भेरी अञ्चल अस्पताल र एनसार्कबीच उक्त जग्गामा भवन निर्माणसम्बन्धी कार्यको लागि दुई पक्षबीच स्पष्ट सहमति भएको देखिएन । यसरी स्पष्ट सहमति नभएको अवस्थामा भेरी अञ्चल अस्पतालको स्वामित्वमा रहेको सरकारी जग्गामा कुनै गैरसरकारी संस्थाले यसरी निरन्तररूपमा भोग गरिरहने अवस्था हुँदैन । यौन तथा चर्मरोग विभागको अगाडि रहने गरी एक एडस एजुकेसन एण्ड कम्युनिकेसन सेलको स्थापना गराउनको लागि कुनै दातृ संस्था वा दाता प्राप्त भएमा नेपाल सरकारको प्रचलित ऐन नियमानुसार अस्पतालको पूर्ण स्वामित्वमा रहने गरी र निर्माण भएको भवन अस्पताललाई तत्काल हस्तान्तरण गराउने गरी निर्माण गर्ने स्वीकृति दिने भनी भएको मिति २०५३।११।२३ गते को भेरी अञ्चल अस्पतालको निर्णय देखियो । उक्त निर्णयबमोजिम भेरी अञ्चल अस्पतालले एनसार्कलाई निरन्तररूपमा भोग गर्ने गरी जग्गा प्रदान गरेको देखिँदैन । उक्त निर्णयअनुसार निर्माण भएको भवन तत्काल अस्पताललाई हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा

निवेदकले तत्काल हस्तान्तरण नगरी हालसम्म भोग गरिरहेकै अवस्था देखिँदा निवेदकले गरेको उक्त भवनमाथिको भोग कानूनी देखिएन । तसर्थ एनसार्कको विवादित जग्गा र घरमा कुनै हकदैया (Locus standi) रहको भएको नदेखिएको र यसका संस्थापक डा. जि. राजु शाक्यले २०६५।२।१ मा नै अस्पताल विकास समितिले गरेको जायज निर्णयलाई मञ्जूर हुनेछु भनी पछि नै स्वीकार गरी कागज गरी सकिएको अवस्थामा समेत हकदैयाको अभावमा अस्पतालबाट आफ्नो तर्फबाट हक नछोडिएको अवस्थामा विवादको भवन जुन गैर सरकारी संस्थाको लगानी र पहलमा भवन निर्माण भएको छ त्यस्तो भवनमा निवेदकको निरन्तर भोग रहनसक्ने नदेखिँदा निवेदकले आफ्नो निर्विवाद हकलाई लिएर रिट निवेदक आएको नदेखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भनी गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-११८९, परमादेश, *अजयकुमार सत्याल वि. युनाइटेड बचत तथा सहकारी संस्था लि.समेत*

बैंक वित्तीय संस्था र सहकारीहरूले दिएको ऋण असूलउपर नभएमा सर्वसाधारण पनि प्रभावित हुने भएकोले ऋणीले दिएको धितोबाट मात्र निवेदकले आफूले लिएको ऋण नतिरेको अवस्थामा असूलउपर गर्नसक्ने अवस्था हुँदा विपक्षीले निवेदकको उक्त कि.नं. ३१७० को जग्गा तत्काल फुकुवा नगर्ने गरी भएको निर्णयलाई अन्यथा भन्न मिलेन । साथै विपक्षी संस्थाले यसै रकम लेनदेनका विषयमा यिनै निवेदकसमेतका विरूद्धमा काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दा र कीर्ते मुद्दासमेत दायर भई कीर्ते मुद्दा हाल पुनरावेदन अदालत, पाटनमा विचाराधीन अवस्थामा रहेकोले पनि उक्त मुद्दाहरूको टुङ्गो लागेका बखत ठहरेबमोजिम हुने नै हुँदा उल्लिखित कि.नं. ३१७० को जग्गा निवेदन मागबमोजिम फुकुवा नहुने भनी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः रिन्जा डंगोल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०३८७, उत्प्रेषणयुक्त परमादेश, *लालबहादुर लिम्बू वि. जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङसमेत*

निवेदक लालबहादुर लिम्बू र विपक्षी कल्पना थेवे श्रीमान् र श्रीमती नाताका व्यक्ति भई निजहरूको २ छोरा र २ छोरी भएको कुरामा विवाद देखिएन । यिनै निवेदक प्रतिवादी र विपक्षी कल्पना थेवे वादी भई चलेको २०६५ सालको दे.नं. ४/३१० को अंश मुद्दामा वादीले प्रतिवादीबाट अंश पाउने र माना चामल भराई दिने ठहर गरी भएको ताप्लेजुङ जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, इलामबाट सदर भई अन्तिम भएको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिँदा अदालतबाट तहतह हुँदै फैसला भएको हुँदा त्यस्तो कानूनसम्मत् भएको फैसलालाई रिटद्वारा बदर गर्न नसकिने ।

इजलास अधिकृतः रिन्जा डंगोल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१०९०, निषेधाज्ञा, *बतुला साईं वि. रहिस अहमद नाउसमेत*

निवेदक र विपक्षीबीच कि.नं. ५५ र कि.नं. १२० को कित्ता हेरफेर भएबाट सिर्जना भएको विवादलाई लिएर हाल सर्वोच्च अदालतमा रिट दायर भई विचाराधीन रहेको भन्ने यी निवेदकको पुनरावेदन जिकीर रहेको देखिँदा सो मुद्दाबाट न्याय निरूपण हुँदा हकबेहक यकीन भई यी निवेदकको अधिकारमा आघात विपक्षीले पुऱ्याएमा प्रचलित कानूनबमोजिम सोही समयमा विवादको समाधान हुने नै हुँदा यी निवेदकका पुनरावेदन जिकीर मनासिब देखिन आएन । साथै जग्गाको विवादमा निषेधाज्ञाको माध्यमबाट न्याय निरोपण हुने नभई यस्तो विवादको समाधानको लागि वैकल्पिक उपचारको बाटो विद्यमान हुँदाहुँदै यी निवेदकले निषेधाज्ञाको माध्यमबाट अदालत प्रवेश गरी विवादको समाधान गर्न खोज्नु न्यायोचित् नदेखिने ।

इजलास अधिकृतः रिन्जा डंगोल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१५५६, परमादेश, *नेपाल उराव सुधार केन्द्रीय कार्य गुठियारा(आ) केन्द्रीय कार्य समिति झोक्राहा-७, सुनसरीको तर्फबाट तथा आफ्नो तर्फसमेतबाट ऐ.का अध्यक्ष नारायणप्रसाद उराव वि. नेपाल झाँगड कोड्रेम सुधार केन्द्रीय कार्य गुठियारा(आ) सुधार समिति, झोक्राहा गा.वि.स. वडा नं. ७ का अख्तियारप्राप्त ध्यानी उरावसमेत*

नेपाल झाँगड उराव कोड्रेम सुधार कार्य गुठियारा भन्ने संस्था मिति २०५१।५।२३ मा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागमा दर्ता रहेको देखिन्छ । साथै मिति २०६६ चैत २६ देखि २८ गतेसम्म भएको नेपाल आदिवासी जनजाति महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनबाट नेपाल झाँगड उराव कोड्रेम सुधार कार्य गुठियारा (आ) केन्द्रीय समितिको कार्यसमितिमा दीपेन्द्रकुमार उराव अध्यक्षमा र ध्यानी उराव उपाध्यक्षमा निर्वाचित भएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । संस्था दर्ता ऐन, २०३४ को दफा ८ ले संस्थाको उद्देश्यहरूमा हेरफेर गर्ने सम्बन्धमा प्रष्ट व्यवस्था गरेको पाइन्छ । उक्त दफाले संस्थाको उद्देश्य तोकिएको प्रक्रिया पूरा गरी संशोधन गर्न सकिने व्यवस्था गरे तापनि सो संस्था नगाभिएको अवस्थामा साविक संस्थाको नाम परिवर्तन गर्न पाइने कानूनी व्यवस्था गरेको देखिँदैन । यसरी विपक्षी जिल्ला प्रशासन कार्यालयबाट कानूनले प्रदान गरेको अधिकारभन्दा बाहिर गई तोकेको प्रक्रिया पूरा नगरी भएको मिति २०६८।३।२३ को निर्णयलाई कानूनसम्मत् भएको निर्णय मान्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने र जे जे गर्नुपर्ने हो गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ठहर गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०२०२, निषेधाज्ञा, *श्यामलाल सिंह सुवाल वि. काजीलाल श्रेष्ठसमेत*

निवेदकले काठमाडौं जिल्ला अदालतमा दायर गरेको करकाप मुद्दामा वादी दावी नपुग्ने

ठहरी फैसला भएउपर पुनरावेदन गर्दा उक्त मुद्दाको टुङ्गो लागेका बखत ठहरेबमोजिम हुने नै हुन्छ । साथै विपक्षी महानगरीय प्रहरी परिसर र महानगरीय प्रहरी प्रभागबाट यी निवेदकले भनेबमोजिम निजलाई गैरकानूनीरूपमा गिरफ्तार गर्ने, खोजतलास गर्ने, थुनामा राखी जवर्जस्ती गर्नसक्ने अवस्थाको स्थिति उक्त विपक्षीहरूबाट भएको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसक्ने यथेष्ट आधार नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-CI-०२७९, निषेधाज्ञा, *वेचन यादव वि. चेथरू यादवसमेत*

जग्गाको स्वामित्वको विषयमा तेरो मेरोको अवस्था यी निवेदकसँग रहेको देखिँदैन । निवेदकले आफूलाई मोहीसम्म भनेको अवस्था छ र खेत जोत्न अवरोध नगरोस् भन्ने माग गरेको देखिन्छ । मोहियानी तेरो मेरोको प्रश्न आएमा सबूद प्रमाण बुझी निर्णय गर्ने अधिकारक्षेत्र भूमिसुधार कार्यालयको हुन्छ र निषेधाज्ञाको क्षेत्रबाट पुनरावेदन अदालतले निर्णय गर्न मिल्दैन । तर, तेरो मेरोको विवाद प्रमाणको रोहबाट आउनु पर्ने ।

निषेधाज्ञा मुद्दामा मुखकै भरले तेरो मेरोको विवाद उठाउँदैमा निवेदन खारेज हुने अवस्था हुँदैन । वस्तुतः प्रमाणको रोहबाट प्रमाणित भएको हुनु पर्दछ । बिनाप्रमाण तेरो मेरोको प्रश्न उठाएकै आधारमा निषेधाज्ञा खारेज हुने अवस्था सिर्जित भएमा यसको प्रयोजन नै निरर्थक हुन पुग्ने ।

फगत मोही छैन भनेकै आधारमा निवेदकको प्रमाणलाई अन्यथा हो भनी सोच्न पनि हुँदैन । मोहीको प्रमाण रहे भएको अवस्थामा मोही हैन छैन भन्न पनि उचित प्रमाणको आधार लिनुपर्ने ।

मोही निवेदक भएको स्थितिमा उसलाई जग्गा जोतआवाद गर्ने अधिकार रहन्छ । सो अधिकारमा अरू कसैबाट अतिक्रमण नहोस् भनी निषेधाज्ञाको आदेशको माग गर्न पाउने हकलाई कुनै यथोचित् तर्क र प्रमाण विना नै विवाद गरेकै कारणले मात्र विवाद भयो भनी निरर्थक पार्न मिल्ने देखिन नआउने ।

मोहीयानी बेदखली मुद्दा भूमिसुधार कार्यालयमा भूमिसम्वन्धी ऐनअनुरूपनै जाने हो । मोहीलाई खेत जोत्नबाट बेदखल गरेको अवस्थामा उक्त प्रक्रियाबाट मोहीले उपचार प्राप्त गर्दछ । तर, निषेधाज्ञा बेदखली हुनुपूर्व बेदखली हुने प्रबल आशङ्काको अवस्थामा जारी हुने ।

निवेदकले आफ्नो मोहीयानी हकको जग्गा कमाइ किसानी पेशा तथा रोजगारी गर्न पाउने नागरिक अधिकार ऐन, २०१२ को दफा ६(७) बाट प्रत्याभूत हकमा आघात हुने आशङ्काको स्थितिमा सोही ऐनको दफा १७ अनुरूप निषेधाज्ञाको आदेशको माग गर्न पाउने अधिकार पनि सुरक्षित रहन्छ । भूमिसम्वन्धी ऐन, २०२१ ले नागरिक अधिकार ऐन, २०१२ बाट प्रत्याभूत अधिकारलाई कहीं कतै रोकेको पनि देखिँदैन । यसरी नागरिक अधिकार ऐन, २०१२ को दफा १७ अनुरुप तत्कालको उपचार माग्न आउने निवेदकलाई भूमिसम्बन्धी ऐन, २०२१ अनुरूप जानसक्ने भनी उसको उपचारको हकलाई अनदेखा गर्न नहुने । विपक्षीको लिखित जवाफको व्यहोरामा जग्गामा मोहियानीनै छैन भनी उल्लेख गरेकोबाट विपक्षीहरूले निवेदकलाई सहजरूपले खेती गर्न दिने अवस्था रहेको नदेखिँदा बेदखली हुन सक्ने पक्का आशङ्काको स्थिति रहेको नै पाइँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्नेमा

खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको नदेखिँदा सो बदर हुने । पुनरावेदकको मोहीयानी हक कायम रहेको दावीको कि.नं. २७२, २७४ र २७५ को जग्गा जोतकमोद गर्न जाँदा कुनै किसिमको बाधा अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

१३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-००२७, परमादेश, *डिलु बुदुजा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राहदानी नियमावली, २०६७ को अनुसूची २ मा रहेको फारामको बुँदा ६ मा भएको व्यवस्थाअनुरूप राहदानी छपाई गर्ने मेसिनको Software मा कार्यक्रम सुनिश्चित् गरिएको र रिट निवेदकले भरेको राहदानी आवेदन फारामको बुँदा ६ मा (M) वा (F) को सट्टा (T) अक्षर भरी फाराम भरेको हुँदा निवेदकको मागबमोजिम राहदानी प्रदान नगरिएको हो भनी प्रत्यर्थी परराष्ट्र मन्त्रालयले लिखित जवाफ प्रस्तुत गरेको देखिन्छ भने यी रिट निवेदक डिलु बुदुजाले राहदानी नियमावली, २०६७ को अनुसूची २ को बुँदा ६ मा रहेको पुरुषको लागि M र महिलाको लागि F लेख्नुपर्ने भन्ने उक्त प्रावधानलाई चुनौती दिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम निवेदन गर्न सकेको अवस्था पनि देखिँदैन । राहदानी नियमावली, २०६७ को अनुसूची २ को बुँदा ६ मा उल्लेख भएबमोजिम M वा F भन्ने अक्षर राखी Passport Application Form भरेमा निवेदकलाई राहदानी प्रदान गरिने भन्ने व्यहोरा प्रत्यर्थी परराष्ट्र मन्त्रालयको लिखित जवाफबाट देखिएको र उक्त अनुसूची २ को बुँदा ६ मा रहेको प्रावधानलाई संशोधन नगरी तत्काल नै मागबमोजिम तेस्रोलिङ्गीको पहिचानसहितको राहदानी प्रदान गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन, प्रस्तुत निवेदन खारेज हुने ।

मेसिन रिडेबल राहदानी (M.R.P.) कुनै एउटा देशसँग मात्र सरोकार रहने प्रकृतिको लिखत नभै अन्तर्राष्ट्रियस्तरको लिखत हो । यस्तो प्रकृतिको लिखतमा परिवर्तन गर्दा सो सम्बन्धमा अन्य स्थानमा पर्ने असरसमेतलाई दृष्टिगत गरी परिवर्तन गर्नु पर्ने हुन्छ । रिट निवेदक डिलु बुदुजा तेस्रोलिङ्गी भएको र निजले तेस्रोलिङ्गी पहिचानको नगारिकता प्राप्त गरी सकेको भन्ने कुरामा दुईमत छैन । निजले तेस्रो लिङ्गी पहिचानको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्था हुँदा र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) र १३ (१), तथा ऐ.को उपधारा २ अनुसार सबैलाई समानताको हक प्रत्याभूत गरी जाति, लिङ्ग र वर्गको आधारमा विभेद नगर्ने भन्ने संविधानमा उल्लेख भएको आधारमा निजलाई तेस्रोलिङ्गीको पहिचानसहितको राहदानी प्रदान गर्ने कर्तव्यसमेत प्रत्यर्थीहरूले पूरा गर्नेपर्ने हुन्छ । तथापि राहदानीसम्बन्धी विषय अन्तर्राष्ट्रिय प्रकृतिको हुँदा यस सम्बन्धमा परिवर्तन वा हेरफेर गर्दा अन्तर्राष्ट्रिय संरचना बिग्रन नदिनेतर्फ सचेत रहनु पर्ने हुँदा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको लिखत, ९३०३ ले तोकेको मापदण्डबमोजिमको मेसिन रिडेबल राहदानी जारी गर्नु अनिवार्य भएकोले यसको Software हाल बनिसकेको भए तापनि निवेदकको लैङ्गिक पहिचान र संवैधानिक हकको बहालीका निम्ति Software मा थपथाप वा परिवर्तन वा जे जस्तो उपायहरू अपनाउनु पर्ने हो सोसमेत

अपनाई तेस्रोलिङ्गीलाई समेत पहिचानसहितको राहदानी दिलाउन राहदानी नियमावली, २०६७ को नियम ७ को उपनियम १ सँग सम्बन्धित अनुसूचि २ मा संशोधन गरी यथाशीघ्र तेस्रोलिङ्गीय पहिचान हुने गरी राहदानी दिने व्यवस्था गर्दै जानु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ २७ गते रोज २ शुभम् ।

१४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-CI-०१५२, शेषपछिको लिखत बदर गरी नामसारीसमेत, *ज्ञानेन्द्र पिया वि. महेन्द्रकुमार पियासमेत*

शेषपछिको बकसपत्र गरिदिने पिता श्रीकृष्ण पिया र दाइ महेन्द्र पियासमेतबाट मिति २०५८।८।४ मा अंश बुझी लिइसकेको अवस्थापश्चात् पिता श्रीकृष्ण पियाको नाउँमा रहेको जग्गामा वादीको हक पुग्ने अवस्था देखिएन र समयमै उक्त जग्गामा अंश लाग्छ भन्न कानूनतः मिल्दैन । पिता श्रीकृष्ण पियाले अंशियारलाई अंश दिइसकेपछि आफ्नो नाममा बाँकी रहेको आफ्नी श्रीमती गणेशकुमारी पियालाई साक्षीसमेत राखी छोरा महेन्द्र पिया र बुहारी मिश्रीमाया पियालाई आफ्नै राजीखुशीले गरिदिएको शेषपछिको बकसपत्र बदर गराउन यी वादीलाई अ.बं. ८२ नं. बमोजिमको हकदैया रहे भएको देखिएन । अतः हकदैयाको अभावमा फिराद खारेज गरेको शुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

१५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-CR-०११५, जालसाज, *ज्ञानेन्द्र पिया वि. महेन्द्रकुमार पियासमेत*

पिता श्रीकृष्ण पियाबाट आफूले पाउने अंश हकबापतमा जग्गा लिई २०५८।८।४ मा बण्डापत्र भरपाई लिखत गरिदिएकोबाट यी वादीको अंश हकको सम्पत्ति निजका बाबु श्रीकृष्ण पियाको जिम्मामा छ भन्न मिल्ने देखिँदैन । अंशियारले अंश लिएपछि बाँकी रहेको सम्पत्ति श्रीकृष्ण पियाको अंश हकको हुने हुन्छ । त्यस्तो सम्पत्ति आफूलाई ईच्छा लागेको व्यक्तिलाई जुनसुकै व्यहोराले हक छाडी दिनसक्ने नै हुन्छ । प्रस्तुत मुद्दामा बाबु श्रीकृष्ण पियाले आफ्नो जीवनकालमा आफूलाई सेवा टहल गर्ने छोरा बुहारीलाई शेषपछिको बकसपत्र गरी दिँदा यी वादीको मञ्जूरी लिनुपर्ने अवस्थासमेत देखिँदैन । उक्त सम्पत्तिमा यी वादीको कानूनतः हक स्थापित हुनसक्नेसमेत देखिएन । त्यसरी आफ्नो सम्पत्तिमा हक छाडी भए गरेको शेषपछिको बकसपत्रको लिखतलाई जालसाजी हो भनी भन्न सकिने अवस्थासमेत नहुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

१६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CI-०१५३, बण्डापत्र लिखत बदर, *विवेक पियाको हकमा सानुमैया अमात्य वि. महेन्द्रकुमार पिया*

मिति २०५८।८।४ गते बाबुकृष्ण पियाले दुबै छोराहरूलाई बराबर जग्गा बण्डा लगाएको मिसिल संलग्न अंश भरपाईबाट देखिन्छ । यसरी बण्डा लिनेमध्येका ज्ञानेन्द्र पिया वादीका पिता रहेको देखिन्छ । ज्ञानेन्द्र पिया वादीका पिता रहेको

देखिन्छ । ज्ञानेन्द्र पियाले आफ्नो अंशियारहरूले प्राप्त गरेको सम्पत्तिबाट मात्र यी वादीले आफ्नो हक खोज्न र खान पाउने हुन्छ । विवादित अंश भरपाईको लिखतले वादीको अंश हकमा आघात पुगे नपुगेतर्फ हेर्दा मुलुकी ऐन, अंशबण्डाको ३ नं. ले सँगै बसेको दाजुभाइका छोराछोरीहरूमा आ-आफ्नो बाबुको अंश मात्र खान पाउँछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। अतः यी वादीका पिताको भागमा परेको धन सम्पत्तिबाट सम्म यी वादीले अंश पाउने देखिन्छ । अघिल्लो पुस्तामा भएको अंशबण्डाबाट आफ्नो अंशहकमा आघात पुऱ्याई बण्डापत्रको लिखत गरेकोले सो लिखत बदर गरिपाऊँ भन्ने फिराद दावी अ.बं. ८२ नं. ले वादीको हकदैया पुग्न नसक्ने हुँदा हकदैयाको अभावमा फिराद खारेज हुने ।

शाखा अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६७-CR-०११६, जालसाज, *विवेक पियाको हकमा सानुमैया अमात्य वि. महेन्द्रकुमार पिया* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CI-०६७१, दोहोरो दर्ता लिखत बदरसमेत, *धनमाया राईसमेत वि. मिलन श्रेष्ठसमेत*

विवादित जग्गा रैकर जग्गा भई दाताको तिरोभोगमा रही पटकपटक हक हस्तान्तरण हुँदै गएको एकाको दर्ता भोगको जग्गामा फिल्डबुकमा खाली पर्ति जनिएको अवस्थामा विवादित वादी दावीको जग्गालाई उक्त साविक दर्ता भएको जग्गाको स्रेस्ताबारेमा बुझ्दै नबुझी दोहोरो दर्ता हुने गरी वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगबाट मिति २०५८।०२।३१ को निर्णयबाट वेरीतपूर्वक दर्ता गरी यी प्रतिवादीका दाता चन्दलाल श्रेष्ठलाई सट्टा भर्नामा दिने गरी निर्णय गरेको र निज चन्द्रलाल श्रेष्ठले यी पुनरावेदकलाई हक हस्तान्तरण गरेको सम्पूर्ण कामकारवाही कानूनविपरीत त्रुटिपूर्ण भएको र त्यस्तो त्रुटिपूर्ण कार्य शून्य हुने हुँदा प्रतिवादीको उक्त जग्गामा हक स्थापित हुन नसक्ने ।

वादी दावीको जिल्ला सुनसरी इटहरी नगरपालिका वडा नं. ८(ग) को कि.नं. २० को ०-०-१४ जग्गामा साविकदेखि वादीको दाता परदाताको नाममा दर्ता तिरो भोग रहेको मालपोत कार्यालय, सुनसरीमा २०२७ सालमा मोठ स्रेस्ता कायम भई पटकपटक हक हस्तान्तरण भएको र निरन्तर वादीको तिरो भोगमा रहेको उक्त विवादित जग्गा दोहोरो दर्ता कायम हुन नसक्ने प्रष्ट छ, साथै वादीको दर्ता जेठोसमेत देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोगले फिल्डबुक खाली भएकै आधारबाट दोहोरो दर्ता गराएको देखिँदा उक्त दर्ता कायम हुन नसक्ने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६५-CR-०५७८, कीर्ते जालसाजी, *धनमाया राईसमेत वि. सूर्यलाल श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-०५६१, उत्प्रेषण परमादेश, *ननु झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

आफूलाई मिति २०६६।८।३ मा राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडको निमित्त प्रबन्ध

सञ्चालकमा नियुक्ति गरिएको भन्ने तथ्यलाई निवेदक स्वयंले स्वीकार गरेको देखिन्छ । त्यस्तै निवेदकलाई निमित्त प्रबन्ध सञ्चालकमा नियुक्ति गरिएको भन्ने तथ्यलाई निवेदक स्वयंले स्वीकार गरेको देखिन्छ। त्यस्तै निवेदकलाई निमित्त प्रवन्ध सञ्चालकको जिम्मेवारी दिँदा निश्चित् पदावधि किटान गरेको नभै अर्को व्यवस्था नभएसम्मको लागि मात्र दिएको भन्ने निवेदकलाई जिम्मेवारी तोकेको मिसिल संलग्न कृषि तथा सहकारी मन्त्रालयको च.नं. २० मिति २०६६।८।३ को पत्रबाट देखिन्छ । नेपाल सरकारको मिति २०६३।८।३ को निर्णयानुसार तीन वर्षको लागि प्रबन्ध सञ्चालक पदमा नियुक्ति गरिएका निवेदकको मिति २०६६।८।२ मा नै तोकिएको पदावधि समाप्त भैसकेको र आफ्नो निमित्त प्रवन्ध सञ्चालकको पदावधिसमेत समाप्त भैसकेको अवस्था छ । निवेदकलाई कृषि तथा सहकारी मन्त्रालयमा हाजीर गराउने गरी मिति २०६८।९।८ मा भएको निर्णय कानूनअनुरूप नै भएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटर टाईप गर्ने : विदुषी रायमाझी

इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०७०२, परमादेश, *मालपोत कार्यालय, दाङ घोराही वि. यमबहादुर कामी*

जिल्ला अदालतको फैसलाले यी निवेदकको जग्गा रोक्का राखी राख्नुपर्ने सम्बन्धमा केही नभनिएको तथा रोक्का राख्नु पर्ने कुनै उचित कारणसमेत भएको देखिँदैन । पीडितले पाउने क्षतिपूर्ति प्रतिवादीबाट भराईपाऊँ भनी पीडितले कानूनका म्यादभित्र दरखास्त दिन आएका बखतमा भराई दिने कानूनी प्रावधान भएको, पीडितलाई क्षतिपूर्ति भराई दिँदा पनि प्रतिवादीको अंश भागबाट मात्र भराई दिनुपर्ने अवस्था हुने र निज प्रतिवादी राजकुमारको अंश हक छुट्टिएको अवस्थासमेत विद्यमान नरहेको अवस्थामा अन्य अंशियारको नाउँको सम्पत्ति स्वतः रोक्का राख्न नमिल्ने ।

निवेदक यमबहादुर कामी उक्त जवर्जस्ती करणी मुद्दामा प्रतिवादी नहुनुका साथै सरोकारवाला नभएको परिप्रेक्ष्यमा निजको नाउँ दर्ताको जग्गा रोक्का राख्न उपयुक्त नदेखिँदा दाङ देउखुरी जिल्ला अदालतको मिति २०६५।३।२३ को आदेशानुसार मिति २०६५।३।२७ को पत्रानुसार रोक्का राखेको निवेदकका नाउँ दर्ताको कि.नं. १८४ र २०९ को जग्गा फुकुवा गरिदिनु भनी परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६६।७।११ को आदेशलाई अन्यथा भन्न मिलेन । सो आदेश सदर हुने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-RC-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भक्तबहादुर थापा*

शुरूमा मृतक आफैँले भक्तबहादुर थापाले मलाई कुटपीट गरेको कारणले राम्रोसँग सास फेर्न र थुक निल्न नसकेको र पेट ज्यादै दुखेको अङ्ग शरीर जाँच गरिपाऊँ भन्ने दरखास्त दिएको र उपचारकै क्रममा सोही चोट पीडाको कारण मिति २०४४।५।२३ मा बाबुको मृत्यु भएको भनी मृतकका छोरा भोजबहादुर थापाले दिएको जाहेरी दरखास्त तथा शरीरको विभिन्न भागमा नीलडाम, लिङ्गबाट रगत बगी सुकेको र पेटको भागमा अपरेसन गरिएको प्लास्टरले ढाकेको भन्नेसमेत लास जाँच प्रकृति मुचुल्काबाट देखिएको र

पोस्टमार्टम रिपोर्ट (Post Mortem Report) समेतबाट निजको मृत्युको कारण आन्द्रामा भएको चोट र आन्तरिक घाउचोटको कारणले भएको भन्ने देखिन आएबाट निजको मृत्यु कर्तव्यबाट नै भएको देखिने ।

मृत्युपूर्वको घाउ जाँच दरखास्त, किटानी जाहेरी दरखास्त, पोस्टमार्टम रिपोर्ट (Post Mortem Report) घटनास्थल प्रकृति मुचुल्का, सरजमीन मुचुल्कासमेतका आधार प्रमाणहरूबाट प्रतिवादी भक्तबहादुर थापाले मृतक प्रेमबहादुर थापालाई कुटपीट गरी सोही कुटपीटको घाउ चोटको उपचार गर्दागर्दै मृतक प्रेमबहादुर थापाको मृत्यु हुन गएको देखिँदा प्रतिवादी भक्तबहादुर थापालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी शुरू कास्की जिल्ला अदालतबाट मिति २०६९।१।५ मा भएको फैसला साधकको रोहबाट हेरी उक्त फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।१।१६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल भदौ २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-RC-०१२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डबल घिसिङ्*

प्रहरीमा कागज गर्ने नगेन्द्र माझी र जाहेरवाला चतुरमान गोले अदालतमा आई बकपत्र गर्दा यिनै डबल घिसिङ् समेतका प्रतिवादीहरूले प्रहार गरेको ढुङ्गा खगेन्द्र लो (तामाङ्) लाई लागी निजको मृत्यु भएको भनी बकपत्र गरी दिएकोसमेत देखिन्छ । रातको समयमा भएको उक्त वारदातको प्रत्यक्ष साक्षी अन्य कोही रहेभएको नदेखिँदा जाहेरवाला चतुरमान लो र प्रहरीमा कागज गर्ने नगेन्द्र माझीको उक्त भनाईलाई र सहप्रतिवादीहरूको बयानलाई प्रमाणमा लिनु मनासिब नै देखिन्छ । टाउकोमा लागेको चोटको कारण मृतक खगेन्द्र लो (तामाङ्) को मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट समेत देखिँदा प्रतिवादी डबल घिसिङ्समेतले प्रहार गरेको ढुङ्गा मृतक खगेन्द्र लो तामाङ्लाई लागी सोही चोट पीडाको कारण खगेन्द्र लो तामाङ्को मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न उपरोक्त प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी डबल घिसिङ्लाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको शुरू तेह्रथुम जिल्ला अदालतको मिति २०६९।७।२१ को फैसला साधक जाँच गरी सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।११।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्र राज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भाद्र २१ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१६३१, कुत दिलाई मोही निष्काशन, *मनोजकुमार गुप्ता वि. ऐतवीर माझी*

२०५३ सालको भूमिसम्बन्धी ऐनको संशोधनपश्चात् बाली नबुझाएको आधारमा मोही निष्काशनसम्बन्धी परेका मुद्दामा मोही निष्काशन नहुने भनी उक्त नजीर सिद्धान्तलाई अवलम्बन गरी आएको अवस्था छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६(२) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्ने संवैधानिक व्यवस्था रहेको तथा हाम्रो जस्तो Common Law प्रणाली अपनाएका

मुलुकमा एक पटक अदालतबाट अन्तिम व्याख्या भई नजीर सिद्धान्त कायम भइसकेपश्चात् त्यस सिद्धान्तलाई अवलम्बन गर्नु बाध्यकारी हुने हुँदा बाली बुझाएको भन्ने आधारमा दावीको जग्गाहरूमा मोही निष्काशन नहुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल भदौ १४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-०९१५, बन्दीप्रत्यक्षीकरण, *पेमा डोल्मा वि. बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दिया*

बन्दीप्रत्यक्षीकरणको निवेदनबाट बन्दी गैरकानूनीरूपमा थुनामा राखेको हो वा होइन भन्ने विषयको निरोपण गरी बन्दीलाई गैरकानूनीरूपमा थुनामा राखेको देखिएमा थुनाबाट मुक्त गर्ने आदेश जारी गर्ने हो । तर तल्लो न्यायिक निकायबाट कानूनबमोजिम म्याद थप भई अनुसन्धानको क्रममा रही कानूनबमोजिम थुनामा रहेको बन्दीको हकमा प्रस्तुत रिट आकर्षित हुन नसक्ने ।

तल्ला न्यायिक निकायबाट कानूनबमोजिम गरेका कामकारवाहीलाई माथिल्लो न्यायिक निकायले हस्तक्षेप गर्दै जाने हो भने ती निकायका कामकारवाही प्रभावित हुनुका साथै समग्र अनुसन्धान प्रणालीमा समेत गम्भीर आघात पर्न जाने ।

मुद्दा हेर्ने अधिकारीको आदेशले थुनामा परी मुद्दा कारवाहीयुक्त अवस्थाको देखिँदा निवेदन मागबमोजिम गैरकानूनी थुना भन्न मिलेन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने देखिनाले प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७० साल भदौ २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०९०१, जग्गा खिचोला मेटाई चलन, *विपीनकुमार मण्डलसमेत वि. पाथेश्वर मण्डल गनगाई*

पुनरावेदन अदालत, विराटनगरको आदेशानुसार च.नं. ११२७ मिति २०६५।५।२७ मा निवेदक सोगारथ मण्डलले ३ नं. नापी टोली मझारेमा द.नं. १४३ मिति २०५८।१।२१ मा दिएको निवेदनउपर भएको कामकारवाही, निर्णय भएको सक्कल मिसिल माग गरेकोमा ९ नं. नापी गोश्वाराको च.नं. १४ मिति २०६५।६।२ को पत्रमा उक्त निवेदन कारवाहीको सिलसिलामा निवेदकको बयान मात्र लिएकोले निर्णय हुन बाँकी रहेको उल्लेख गरेबाट विवादित नापीको कारवाही मिति २०५७।२।१३ मा समाप्त भैसकेको भनी मान्न नमिल्ने र सो सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(९) मा "यस ऐनबमोजिम पहिला नाप जाँच भई दर्ता स्रेस्ता तयार भइसकेको ठाउँमा पुनः नाप जाँच हुँदा मौजुदा दर्ता स्रेस्ताबमोजिमका जग्गामा दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीच तेरोमेरोसम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले मौजुदा दर्ता स्रेस्ता भिडाई जग्गा दर्ता गर्नुपर्नेछ।" भन्ने उल्लेख भएको त्यस्तै ऐ. ऐनको ६(७) ले तेरो मेरोसम्बन्धी प्रश्न उठेमा सम्बन्धित अधिकारीले निर्णय गर्ने र सोमा चित्त नबुझे अदालतबाट ठहरेबमोजिम हुने उल्लेख भएबाट यी वादीले ०५६ को नाप नक्साउपर उजूर गरेको र सो उजूरी कारवाहीयुक्त अवस्थामा रहेकोमा साविक दर्ता स्रेस्तालाई अन्यथा भन्न नमिल्ने ।

जुन बखतमा (भौतिक रूपमा) खिचोला गरेको हो सोही मितिबाट हदम्याद शुरू हुने जग्गा मिच्नेको १८ नं. को कानूनी व्यवस्था रहेको देखिन्छ । मिति २०६१।१०।१५ मा खिचोला गर्न आएको भनी वादीले दावी गरी मिति २०६१।१०।२६

मा खिचोला गर्न आएको भनी वादीले दावी गरी मिति २०६१।१०।२६ मा फिराद गरेपछि सोही मितिमा खिचोला गरेको हो होइन भन्नेतर्फ जग्गाको नापजाँच सर्भे, सर्जमीनसमेतका प्रमाण बुझी प्रमाणहरूको विवेचना गरी निर्णय गर्नुपर्नेमा सो केही नगरी शुरू जिल्ला अदालतले मुद्दाको विषयवस्तुमा प्रवेश गरी गरेको निर्णय उल्टि गरी हदम्यादको कारण देखाई फिराद दावी नै खारेज गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला कानूनसङ्गत् नदेखिँदा पहिला नै जग्गाको नापजाँच भै नापनक्साअनुसार साविकबमोजिम भोगचलन गरी आएको भनी साविकको नापजाँच, नयाँ नापीको नाप नक्सा तथा स्थलगत नापनक्सा मुचुल्काबाट देखिएको कुराहरूसमेतको आधारमा निर्णय गर्नुपर्नेमा नापी हुँदाका अवस्थामा नै वादीले जग्गा खिचोला भए गरेको थाहा पाएको कुनै सबूद प्रमाण प्रतिवादीले पेश गर्न नसकेको अवस्थामा जग्गा नापी हुँदाकै अवस्थामा वादीले स्वतः थाहा पाएको भन्ने अर्थ गरी हदम्यादको आधारमा फिराद खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६५।९।१ को फैसला कानूनी त्रुटिपूर्ण हुँदा बदर हुने ।

इजलास अधिकृतः टेकराज रेग्मी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल भदौ २३ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०४००, उत्प्रेषणयुक्त परमादेशसमेत, *नगेन्द्र पुरी वि. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत*

आफ्नो कानून र संविधानद्वारा प्रदत्त हक हनन् भएकोमा यथासमयमा उपचारको खोजी गर्नुपर्ने हुन्छ । अनुचित विलम्बले न्याय प्राप्त गर्ने हकलाई प्रचलन गराउन बाधा पार्दछ । आफ्नो विरूद्धमा भएको कारवाही र फैसलाका सम्बन्धमा निवेदकले आफैं उपचारको बाटो नखोजी कानून व्यवसायीमार्फत् नक्कल लिई थाहा पाएको भन्ने कथन र जिकीर नै उपचार खोज्ने उपयुक्त माध्यम मान्न सकिँदैन । वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको करीब ३ वर्षपश्चात् मात्र निवेदकको पर्न आएको प्रस्तुत रिट प्रथमदृष्टि (Prima facie) मा नै अनुचित विलम्ब गरी ल्याएको देखिएको र यस्तो बिलम्ब गरी आएको वस्तुनिष्ठ र कानूनसम्मत् कारण पनि उल्लेख नभएको हुँदा बिना मनासिब कारण अनुचित विलम्ब गरी ल्याएको रिटबाट कारवाही गर्न नमिल्ने भएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०७०-WS-००४०, *अधिवक्ता श्री ओमप्रकाश अर्याल वि.राष्ट्रपतिको कार्यालय शीतल निवास, काठमाडौंसमेत*

वर्तमान अवस्थामा कायम रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ (ग) अनुसार राष्ट्रपतिको पदावधि संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि हुनेछ र धारा ३६ (झ) को व्यवस्थाअनुसार उप-राष्ट्रपतिको पदावधिसम्बन्धी व्यवस्थासमेत राष्ट्रपतिको सरह हुनेछ भनी स्पष्ट भनिएको पाइन्छ । संविधानको सो स्पष्ट व्यवस्थाअनुसार संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि राष्ट्रपति एवं उप-राष्ट्रपतिको पदावधि रहने कुरामा विवाद गरी रहनु पर्ने देखिदैन । जहाँसम्म राष्ट्रपति एवं उप-राष्ट्रपतिले राजीनामा दिनुपर्ने निवेदन दावी छ, सो सम्बन्धमा,

अदालतको आदेशबाट बाध्य गराउनुपर्ने कुरा संविधान एवं न्यायसङ्गत् हुन सक्दैन । मिति २०७०।०८।०४ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनबाट वर्तमान संविधानसभाको गठन भएको र सोही संविधानसभाले धारा ८३(१) बमोजिम व्यवस्थापिका संसदसमेतको काम गर्ने भनी व्यवस्था भईरहेको र व्यवस्थापिका संसदले स्वयं औचित्य एवं आवश्यकतालाई विचार गरी संवैधानिक सिद्धान्तहरूलाई मध्यनजर राखी धारा १४८ को व्यवस्थाअनुसार संविधानमा संशोधनसमेत गर्नसक्ने हुँदा रिट निवेदकले दावी गरेका राजनीतिक प्रश्नहरू सम्बन्धमा व्यवस्थापिका संसद हुँदाहुँदै यस अदालतले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नु र सो सम्बन्धमा कुनै निर्णय प्रदान गर्नु औचित्यपूर्ण हुँदैन । अतः निवेदन मागबमोजिमको आदेश जारी गरिरहतयस्नु पर्ने अवस्था नहुँदा विरुद्ध खण्डमा उल्लिखित पदाधिकारी एवं कार्यालयहरूबाट लिखित जवाफसमेत मगाई रहनु परेन । निवेदन दावी खारेज हुने ।

इति संवत् २०७० साल माघ ९ गते रोज ५ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-RE-००४३, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. गोठाला भन्ने लालबहादुर चौधरीसमेत*

प्रतिवादी सन्तोष चौधरीले निर्मल चौधरीलाई तरवारले देब्रे हातको हत्केलामा हानेको देख्ने चश्मदीद गवाह सागर चौधरीले तत्काल मौकामा कागज गरिदिएकोले तत्काल प्राप्त प्रमाणबाट निज कसूरदार होइनन् भन्न नसकिने देखिँदा पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।२।९ मा निजलाई साधारण तारिखमा राख्ने गरी भएको आदेश सो हदसम्म वेरीत भएको देखिँदा सोही हदसम्म बदर गरिदिएको छ । निज प्रतिवादी सन्तोष चौधरीलाई त्यसै अदालतको मिति २०६९।११।१३ को आदेशानुसार पूर्पक्षको निमित्त थुनामा राखी कानूनबमोजिम गर्नू ।

प्रतिवादी लालबहादुर चौधरी र कमल चौधरीको हकमा पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।११।३ र २०७०।२।९ मा भएको आदेश वेरीतको नदेखिँदा सो हदमा कुनै परिवर्तन गर्नु परेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-RE-००६९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अरूणकुमार लिम्बु*

घाइते मालदीप बनेमले आफूलाई प्रतिवादी अरूणकुमार लिम्बुले समाती धुले शेर्पालाई आदेश दिएको र धुले शेर्पाले आफूउपर प्रहार गरेको तथ्य लेखाई दिएकोलाई तत्काल प्राप्त प्रमाण चश्मदीद गवाह रमेश बनेम, इन्द्रकुमार लिम्बुसमेतकाले सोही मिलानको किटानीरूपमा गरिदिएको कागजको रोहबाट निज अरुणकुमार लिम्बु कसूरदार होइनन् भन्न मिल्ने तत्काल प्राप्त प्रमाणबाट नदेखिँदा पुनरावेदन अदालत, इलाम डोर मुकाम ताप्लेजुङबाट निजलाई साधारण तारिखमा राख्ने गरेको मिति २०७०।२।१७ को आदेश वेरीतबाट भएको देखिँदा उक्त आदेश बदर गरिदिएको छ । अब त्यस अदालतको मिति २०७०।२।१४ को आदेशअनुसार नै निज अरुणकुमार लिम्बुलाई पूर्पक्षको लागि थुनामा राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०५००, उत्प्रेषण परमादेश, *उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिकारप्राप्त भै आफ्नो हकमासमेत अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३(१) ले सार्वजनिक हितका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै आवश्यक सेवामा हड्ताल निषेध गर्नसक्ने व्यवस्था भएको पाइयो। सोही अधिकार प्रयोग गरी नेपाल सरकारले २०७०।७।२९ को नेपाल राजपत्रको सूचना-२ देहाय १२ द्वारा अस्पताल, स्वास्थ्य केन्द्रसमेतमा हड्ताल निषेध गरेको पाइयो ।

यस अदालतले मानिसको जीवन रक्षाको अधिकारलाई सदैव सर्वोच्च प्राथमिकतामा राखी आएको छ। अस्पतालले प्रदान गर्ने अति आवश्यकीय स्वास्थ्य सेवा पाउनु, प्रत्येक व्यक्तिको नैसर्गिक हक रहेको कुरा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६, २० र २२ समेतले प्रत्याभूत गरेको छ ।

यस अदालतले त्रि.वि. शिक्षण अस्पताल, वीर अस्पताल र बी.पी. कोइराला क्यान्सर अस्पतालमा आव्हान भएका हड्ताल विरूद्ध अन्तरिम आदेश जारी गरी सेवा सुचारू गराएको तथा रिट जारी गरेको सन्दर्भमा *नेकाप* तथा सर्वोच्च अदालत, बुलेटिनमा प्रकाशित नजीरहरूतर्फ निवेदकले ध्यानाकर्षण गराउनु भएको छ ।

तसर्थ जे जुनरूपमा विपक्षीहरूले देशभरिका अस्पतालमा सर्वसाधारणले चिकित्सकीय सेवाबाट बञ्चित हुनुपर्ने गरी आव्हान गरेको बन्द हड्काललगायतका काम नगर्नु, नगराउनु, सर्वसाधारणले पाउनु पर्ने स्वास्थ्य सेवा सुविधा यो आदेश प्राप्त भएको १ घण्टाभित्र सुचारू गर्नु गराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**